लगानी बढाउनुको विकल्प छैन : सांसद विक पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २५ •अंक २३७ • २०८० साल माघ १० गते बुधबार (24 January, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## प्रदेश सभाका सचिव पिटिए

# भुक्तानी गर्न नमानेपछि सभामुखका सहयोगीहरुबाट हातपात




संजीवकुमार झा

जनकपुरधाम। मधेश प्रदेश सभाका सचिव मनोज कुमार गिरीलाई कुटपिट गरिएको छ। सभामुखले भुक्तानीका लागि दिएको दबाबमा काम गर्न अस्वीकार गरेपछि सभामुख रामचन्द्र मण्डलका सहयोगीहरुले हातपात गरेका छन्।

प्रदेश सभाको सभामुख आवासको छानामाथि सभामुख रामचन्द्र मण्डलसमेत उनका केही सहयोगी, प्रदेश सभा सचिव गिरी, लेखाअधिकृतसमेत घाम ताप्दै छलफल गरिरहेको बेला भुक्तानीका लागि सभामुख मण्डलले सचिवमाथि दबाब दिएको बताइएको छ।

तर सचिव र लेखापालले भुक्तानी गर्न अस्वीकार गरेपछि सभामुख मण्डलले मुख छाड्दा उनका सहयोगीले हातपात गरेको बताइएको छ।

सभामुखको सचिवालयमा रहेका कर्मचारीहरुलाई तलब खुवाउनुपर्ने भन्दै सचिव गिरीमाथि दबाब दिँदै आएका सभामुख मण्डललाई ऐन बनाउन भनेपछि कुटपिट गरेका प्रदेशसभा स्रोतले जनाएका छन्। सभामुख नियुक्त भएपछि आफ्ना ज्वाईसँगै दुई दर्जन भन्दा बढी कर्मचारीको नाममा कार्यकर्ता भर्ना गरेको आरोप छ।

स्रोतहरुका अनुसार यस अघिका सचिव रञ्जित यादवले पनि भ्रमण भत्ता लगायत करारका कर्मचारीहरुलाई तलब, सुबिधा दिन अस्वीकार गरेकाले सभामुख मण्डलकै निर्देशनमा उनको सरुवा भएको थियो। अहिलेका सचिव गिरीलाई सभामुखले नै ल्याएका छन्।

तर, सभामुखको सेवा सुबिधा भन्दा बढी जनालाई तलव भत्ता खुवाउन भने पछि सचिव गिरीले अस्वीकारगर्दै आएका छन्। कुटपिट भएको खवर पाएपछि प्रदेश सभाका अन्य कर्मचारीहरु सचिव गिरीको बचाउमा निस्केपछि उनलाई छाडिएको थियो।

सभामुख मण्डलको क्रियाकलापले कर्मचारीहरु आन्दोलन गर्ने तयारी थालेका थिए तर प्रदेश सभाको प्रतिष्ठामा पर्ने भएकाले उनीहरुले तत्काल आन्दोलनका कार्यक्रमहरु स्थगन गरेका छन्। स्रोतका अनुसार सभामुखका नजिकका एकजना पत्रकारले सचिव गिरीसंग माफी माग्दै घटनालाई ढाकछोप गरेको बताइएको छ।

सभामुख मण्डलले पटक-पटक आफ्ना सचिवालयका कर्मचारीहरुलाई तलब, भत्ता तथा अन्य सेवा सुबिधा उपलव्ध गराउन दबाब दिँदै आएका छन्। तर, सचिवहरुले भने सभामुखलाई ऐन बनाउनुपर्ने सुझाव दिँदै आएका छन्।

प्रदेश सभाका सचिव र लेखा अधिकृतहरुले सभामुख आफै ऐन बनाउने अधिकारी भएकाले ऐन बनाएर काम गर्न सुझाउदै आएका छन्। तर, ऐन मिचेर सरकारी रकम दुरुपयोग गर्न नमिल्ने भनेपछि सभामुख मण्डल आक्रोशित भएको बताइन्छ। प्रदेश सभाका एक कर्मचारीले भने-'सभामुख जी मधेश प्रदेशको ऐन मान्नु हुन्न, हरेक थोक आफ्नो अनुकूल चाहन्छन् तर, हामीहरु नियम कानुनको परिधिमा बसेर काम गर्नु पर्छ त्यो सभामुखले बुझ्नु जरुरी छ।'

सभामुख मण्डल सभामुख बन्नु भन्दा पहिला स्वच्छ छविका नेताको रुपमा मानिए पनि पछिल्लो समयमा उनको आलोचना हुन थालेको छ। बैंकको खाता खोल्ने विवादमा स्वयं सभामुख मण्डल तानिएका थिए।

आसेपासे र कार्यकर्ता भर्ना गर्न प्रदेश सभालाई केन्द्र बनाएको विपक्षीहरुले आरोप लगाउँदै आएका छन्। बेरित भर्ना भएका कर्मचारीहरुलाई तलब, सुबिधा दिन नसकिने अडान लिने कर्मचारीहरुसित दुर्व्यवहार हुन थालेको छ।

प्रदेश सरकारले कुनै विधेयक टेवल गर्दा त्यसलाई प्रदेशसभा सदस्यहरुवाट पारित गराउँदै ऐनको रुप दिने सभामुखवाट नै ऐन विपरीतको क्रियाकलाप हुनु दुःखद रहेको मधेश प्रदेश सभाका एक सदस्यले बताए। उनले भने-'सभामुख जस्तो गरिमामय पदमा बसेर कर्मचारीमाथि हातपात गराउनु लज्जास्पद हो ।' सभामुखले नै कर्मचारी कुटपिट गर्न थालेपछि अन्य प्रदेशसभा सदस्य र मन्त्रीहरुले के गर्छ उनले प्रश्न समेत गरे।

चौतर्फी आलोचना भइ रहँदा सभामुख मण्डलले कुटपिट नभई सामान्य भनाभन भएको स्वीकारेका छन्। उनले भने-' सामान्य भनाभन भएको छ, कुटपिट गरेका छैनौ।' तर, सचिव गिरीले कुटपिट भएको बताएका छन्।

सचिव गिरीले कुटपिटको विषयमा मधेश प्रदेशको कुनै निकायमा उजुरी गरेका छैनन्। तर उनी सहित लेखापालमाथि समेत हातपात भएको उनले आफ्ना केही निकट कर्मचारीहरुलाई बताएका छन्। प्रदेश सभामा बसेर काम गर्न सक्ने वातावरण नभएको जनाउँदै उनले चाँडै फिर्ता जाने बताएको एकजना कर्मचारीले नाम उल्लेख नगर्ने शर्तमा भने।

मधेश प्रदेश सभाको दोस्रो सभामुखको रुपमा मण्डलको कार्यकाल चलिरहेको छ। यस अघि मधेश प्रदेशका वर्तमान मुख्यमन्त्री सरोज कुमार यादव पाँच वर्ष सभामुख रहेका थिए। उनको कार्यकालमा पहिचान सहितको मधेश प्रदेश नामकरण र जनकपुरधाम राजधानी राख्ने प्रदेश सभाले दुई तिहाई भन्दा बढी बहुमतले निर्णय गरेको थियो।

## मधेश प्रदेश सरकारबाट जनमत बाहिरिए, समर्थन पनि फिर्ता

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सरकारमा रहेको जनमत पार्टीले मन्त्रीलाई फिर्ता बोलाउँदै सरकारलाई दिएको समर्थन मंगलवार फिर्ता लिएको छ।

जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवको अध्यक्षतामा बसेको दलको बैठकले सरकारबाट बाहिरिने र समर्थन फिर्ता लिने निर्णय गरेको थियो।

मधेश प्रदेशमा दोस्रो कार्यकालका लागि जनता समाजवादी पार्टी(जसपा) संसदीय दलका नेता सरोजकुमार यादवले मुख्यमन्त्रीको सपथ लिएकै दिन जनमत पार्टीबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीको रुपमा वसन्त कुशवाहाले सपथ लिएका थिए।

तर केही महिना विना विभागीय मन्त्री रहेका कुशवाहाले राजीनामा दिएपछि जनमतका महासचिव चन्दन सिंहलाई श्रम तथा यातायात मन्त्री बनाइएको थियो। दलका नेता महेश यादव शिक्षा तथा संस्कृति मन्त्री रहेका थिए। जनमतले समर्थन फिर्ता लिए पनि सरकार भने असुरक्षित छैन्।


थप समाचार पृष्ठ ८ मा।








# व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीले मानव अधिकार संरक्षण र सम्मानप्रति जिम्मेवार व्यावसायिक क्रियाकलाप बनाउने उद्देश्यले व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण गरेको बताएका छन् ।




मन्त्रालयले मंगलबार आयोजना गरेको कार्यक्रममा 'व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना २०८०/८१-२०८४/८५' को सार्वजनिक गर्दै मन्त्री भण्डारीले व्यवसायीले समाजप्रति जिम्मेवारी पूरा गर्दै समाजमा सुरक्षा, सम्मान जाग्रित गराउने र मानव जीवनस्तरमा समेत उल्लेखनीय सुधार ल्याउनका लागि उक्त कार्ययोजना बनाएको बताए ।

मन्त्री भण्डारीले भने, "राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट सबै व्यावसायिक गतिविधिलाई व्यवस्थित र मानव अधिकारमैत्री बनाउने अभिप्रेरित गर्ने, सरकारलाई मानव अधिकारको सम्मान र संरक्षण गर्ने सन्दर्भमा आन्तरिक र बाह्यरुपमा सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु ।" कार्ययोजना प्रभावकारी कार्यान्वयनका लागि सबै निकायलाई आग्रह गर्दै मन्त्री भण्डारीले नेपाल सरकारले विभिन्न निकायका सरोकारवाला पक्षसँग वृहतरुपमा छलफल कार्ययोजना तयार पारिएको बताए । उनले अन्तर्राष्ट्रिय मञ्चमा नेपालले जनाएको प्रतिबद्धता पूरा गर्दै आन्तारिक रोजगारलाई प्रवर्द्धन गर्न 'आन्तारिक रोजगार महाशाखा' स्थापना गरेर रोजगार सिर्जना गर्ने सरकारको तयारी रहेको साथै नेपालमा लगानी गर्नेलाई सहजरुपमा उपचार र क्षतिपूर्ति उपलब्ध गराउने बताए ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगको पाँचौं राष्ट्रिय कार्ययोजनामा व्यवसाय र मानव अधिकारको विषय रहेकाले उक्त कार्ययोजनामा तयार गर्दा आयोगले ३५ बुँदे सुझाव दिएको बताए । वातावरण, आदिवासी, जनजाति र अल्पसख्यकको अधिकार संरक्षण गर्न कार्ययोजनाको सफल कार्यान्वयनका लागि सबैले पहल गर्नुपर्नेमा उनको जोड थियो ।

अध्यक्ष मगरले विकास र व्यावसायिक व्यक्तिको क्रियाकलापबाट स्वच्छ वातावरणको अधिकार, ज्येष्ठ नागरिक विषय लक्षित समुदायलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै नीति क्षेत्रको विश्वास जित्नु सरकारको दायित्व भएको बताए । व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट मानव अधिकार संरक्षण, सम्मान र संवर्द्धन हुने, मानव अधिकारको उल्लङ्घन भएको अवस्थामा न्यायिक र न्यायिक बाहेकका अन्य संयन्त्रमार्फत सहजरुपमा उपचार र क्षतिपूर्ति प्राप्त हुने विश्वास गरिएको छ ।

# उपप्रधानमन्त्री खड्का र आयोगका पदाधिकारीबीच छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले १६औँ आवधिक योजना तर्जुमाका सन्दर्भमा राष्ट्रिय योजनाका पदाधिकारीसँग छलफल गरेका छन् । मंगलबार रक्षामन्त्रालयमा भएको छलफलमा योजना आयोगका उपाध्यक्ष, सदस्य र सचिवलगायतसँग आगामी आवधिक योजना तर्जुमाबारे उपप्रधानमन्त्री खड्काले छलफल गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।



उपप्रधानमन्त्री खड्काले विगतमा बनाएका योजना के कति कारणले पूरा भएनन् तिनको समस्या पत्ता लगाइ समाधानका उपायसहित १६औँ योजनाका तर्जुमा गर्न सुझाव दिए । उनले आवधिक योजनामा प्रदेशका समस्या, विकास निर्माणमा प्रदेशपछि पर्नुको कारण पनि पहिल्याउन सुझाव दिएका छन् । उनले योजना बनाउँदा सम्बन्धित प्रदेशका जनताले अनुभुति गर्ने र व्यवहारमा लागू हुने गरी बनाउनुपर्नेमा जोड दिए ।

"योजना तर्जुमा गर्दा मुलुकको भूगोल र पर्यावरणलाई ध्यान दिनु जरुरी हुन्छ, कहाँ के उत्पादन हुने हो त्यसको ठोस अनुसन्धान गर्न र किसानको उत्पादनले बजार पाउने सुनिश्चितता हुने विषयलाई प्राथमिकतामा राख्नुहोला", उनले भने ।

विकास निर्माणका क्रममा देखा परेका समस्या र तिनको समाधानसहितको कार्ययोजना तर्जुमा आवश्यक रहेको उनको भनाइ थियो । लामो प्रशासनिक प्रक्रिया, जग्गा प्राप्ति र रुख कटानको समस्या सम्बोधन हुने गरी योजना बनाउनुपर्नेमा उनको जोड थियो । "कुनै पनि योजना बनाउँदा जनताले दैनिक पमा बेहोरिरहेका समस्या समाधान हुने र जनताले पाउने सेवाप्रवाह थप सहज हुने गरी बनाउनुपर्छ", उनले भने, "साथै योजना कार्यान्वयन योग्य पनि हुनुपर्छ ।"

उपप्रधानमन्त्री खड्कासँगको छलफलमा आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, सदस्य डा. अनिता शाह ढुङ्गाना, सदस्यसचिव डा. तोयानारायण ज्ञवाली, रक्षा मन्त्रालयका सचिव किरणराज शर्मा र सहसचिव ज्ञानेन्द्र पौडेलगायतको सहभागिता थियो ।

# सुर्तीजन्य पदार्थको नियमन गरिँदै

**टुडे समाचारदाता**

राँझा । नेपालगञ्ज उपमहानगरपालिकाले सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन गर्ने भएको छ ।




आगामी २०८१ वैशाख १ गतेदेखि उपमहानगरपालिकाको सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ पूर्णरूपमा निषेध गर्ने गरी तयारी सुरु गरिएको नगरप्रमुख प्रशान्त विष्टले जानकारी दिए ।

"उपमहानगरपालिकाको कार्यपालिका बैठकबाटै १ वैशाख २०८१ देखि नगर क्षेत्रभित्र सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थको उपभोग तथा बिक्री-वितरण पूर्णरूपमा निषेध गर्ने गरी तयारी गर्ने निर्णय भइसकेको छ", नगरप्रमुख विष्टले भने, "त्यसलाई कार्यान्वयनका लागि सरोकारवाला निकायसँग छलफलका साथै आवश्यक तयारी सुरु गरिएको छ ।"

सरोकारवाला निकायसँगको बैठकले सुर्तीजन्य पदार्थबाट हुने हानि-नोक्सानीबारे विभिन्न माध्यमबाट पालिकाभर व्यापक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, उपमहानगरपालिका कार्यालयसँगै वडा कार्यालय र नगरभित्रका सम्पूर्ण कार्यालयमा सुर्तीजन्य पदार्थको उपभोग तथा वितरणमा निषेध गर्ने गरी सचेतनामूलक सूचनापाटी टाँस गर्ने एवं सुर्तीजन्य पदार्थको उत्पादन र बिक्री-वितरण गर्ने निकाय एवं व्यवसायीको तथ्याङ्क सङ्कलन गर्ने निर्णय गरेको उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्काले बताए ।

"वैशाख १ देखि नगरको सार्वजनिकस्थल सुर्तीजन्य पदार्थ निषेधित क्षेत्र घोषणा गर्ने निर्णय भएको छ, त्यसको सुरुआत उपमहानगरपालिका कार्यालयबाटै गर्छौं", प्रमुख प्रशासकीय अधिकृत खड्काले भने, "प्रभावकारी कार्यान्वयनका लागि सचेतना प्रवर्द्धनसँगै तयारी अभियान सुरु गर्दैछौं ।"

सरोकारवाला निकायसँगको छलफलमा नेपाल सरकारका उपसचिव पुष्कर नेपालले सङ्घीय ऐनमा सुर्तीजन्य पदार्थ नियमन र नियन्त्रणका विषयमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकारले तदारुकता देखाउन आवश्यक रहेको बताए । उनले स्थानीय सरकारले जनतालाई रोग लागिसकेपछि उपचारका लागि आर्थिक सहयोग दिनेभन्दा जनतालाई रोग लाग्नै नदिन सुर्तीजन्य पदार्थ प्रयोग तथा बिक्री वितरणमै रोक लगाउनु बुद्धिमानी हुने उल्लेख गरे ।

# एकीकृत समाजवादीद्वारा राष्ट्रिय सम्मेलन आह्वान

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले विधान हेरफेर गर्न यही माघ १४ र १५ गते राष्ट्रिय सम्मेलन काठमाडौँमा आह्वान गरेको छ । पार्टीको राष्ट्रिय महाधिवेशनमा दस्तावेजमस्यौदासम्बन्धीछलफलका लागि सम्मेलन गर्न लागिएको उपमहासचिव जगन्नाथ खतिवडाले जानकारी दिनुभयो ।

पार्टीको आसन्न महाधिवेशनका लागि वैचारिक दृष्टिकोण तथा कार्ययोजनामा केन्द्रित रहने बैठकमा पार्टी सुदृढीकरणका साथै देशभर आधार भूत तहसम्म सङ्गठन स्थापित गर्न कार्ययोजना सम्मेलनमा बनाइने छ । पार्टीले विधानको मस्यौदा तयार पार्न उपाध्यक्ष बेदुराम भुसालको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन गरेको छ । सम्मेलनले प्रदेश, क्षेत्र र भूगोलको सन्तुलित नेतृत्व तथा कानुनी अस्पष्टतालाई मिलाएर आवश्यक स्थानमा नेताहरूको जिम्मेवारी तोक्ने उपमहासचिव खतिवडाले जानकारी दिनुभयो ।

पार्टीको पदाधिकारी, केन्द्रीय कमिटीको काम, कर्तव्य तथा अधिकारको बाँडफाँट गर्ने सम्मेलनले पार्टी नेतृत्वका लागि उमेर, कार्यकाल, सङ्गठन निर्माणमा गरेको योगदानलगायतका आधारमा मापदण्ड तय गर्ने छ । सम्मेलनले मस्यौदा अनुमोदन गरेपछि पार्टीले त्यसैका आधारमा आगामी जेठ पहिलो सातामा पार्टीको महाधिवेशन गर्ने छ ।

पार्टी सदस्यता नवीकरण तथा वितरण अभियानका रूपमा अगाडि बढाउनुका साथै जिल्लास्थित समाजवादी मोर्चाको बैठक र एजेण्डाको बारेमा समेत सम्मेलनमा छलफल हुने खतिवडाले जानकारी दिनुभयो ।


पार्टीको काठमाडौँ जिल्ला कमिटीले विधान परिमार्जनका लागि काठमाडौँमा बसोबास भएका केन्द्रीय सदस्य एवं कमिटी सदस्य र आयोगका सदस्यहरूका साथै क्षेत्रीय समन्वय कमिटी, नगर कमिटीको स्थानीय एवं संघीय जनप्रतिनिधिको सुझाव सङ्कलन गरिसकेको केन्द्रीय प्रचार विभाग सदस्य कृतु भण्डारीले जानकारी दिनुभयो ।रासस

# ७१ करोड बढीको कृषि वस्तु आयात

**टुडे समाचारदाता**

भेरीगङ्गा । कर्णालीमा ठूलो परिणाममा कृषि वस्तु आयात हुने गरेको पाइएको छ । कर्णाली प्रदेशबाट करिब रु ११ करोडको कृषि वस्तु निर्यात हुँदा रु ७१ करोडभन्दा धेरैको आयात हुने गरेको पाइएको हो ।

कर्णाली प्रदेश कृषि विकास निर्देशनालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुस मसान्तसम्म रु १० करोड ८१ लाख ५७ हजारको कृषि वस्तु निर्यात हुँदा रु ७१ करोड ७५ लाख ३० हजारको कृषि वस्तु आयात भएको हो । कर्णालीमा सबैभन्दा धेरै तरकारी आयात भएको छ । चालु वर्षको छ महिनामा मात्रै कर्णालीमा रु २१ करोड ४९ लाख ५६ हजारको तरकारी आयात हुँदा रु ९४ लाख ५० हजारको मात्रै तरकारी निर्यात भएको छ ।



दैलेख, जाजरकोट, मुगु, सल्यान, कालीकोट र सुर्खेतबाट तरकारी प्रदेशबाहिर नीकासी हुने गरेको छभने दाङ, धादिङ र भारतबाट आयात हुने गरेको छ । प्रदेशमा रु तीन करोड १३ लाख १० हजारको खाद्यान्न वस्तु आयात हुँदा कर्णालीबाट रु ४४ लाख १६ हजारको निर्यात हुने गरेको छ ।

आलु रु नौ करोड ९९ लाख दुई हजारको आयात भएको छ । कर्णालीबाट रु २८ लाख २४ हजारको आलु निर्यात भएको छ । फलफूल रु ३५ करोड ५८ लाख ९४ हजारको फलफूल आयात हुँदा रु नौ करोड ७४ लाख छ हजारको निर्यात भएको छ ।

त्यसैगरी, मसला बाली रु दुई करोड १३ लाख २९ हजार, च्याउ रु २० लाख २९ हजार र अन्य रु १० लाख १९ हजारको आयात भएको छ । कर्णालीबाट मसलाबाली रु छ लाख ८२ हजार, च्याउ रु पाँच हजार र अन्य रु ३३ हजारको निर्यात भएको कृषि निर्देशनालय निमित्त निर्देशक चित्रबहादुर रोकायले जानकारी दिए ।

निमित्त निर्देशक रोकायका अनुसार कर्णालीमा चालु आवको छ महिनामा दश हजार मेट्रिकटनभन्दा धेरै कृषि वस्तु आयात भएको छ । त्यसमा खाद्यान्नबाली ५५ दशमलव दुई मेट्रिकटन चालु आवको छ महिनामा निर्यात भएको छ । त्यसैगरी, तरकारी तीन सय १५ दशमलव तीन मेट्रिकटन र आलु एक सय ४१ मेट्रिकटन निर्यात भएको उहाँको भनाइ छ ।

कर्णालीबाट सबैभन्दा धेरै फलफूल निर्यात भएको छ । फलफूल करिब एक हजार तीन सय ९६ दशमलव एक मेट्रिकटन निर्यात भएको जनाइएको छ । त्यसैगरी, मसलाबाली १० दशमलव पाँच मेट्रिकटन, च्याउ शून्य दशमलव तीन मेट्रिकटन र अन्य शून्य दशमलव छ मेट्रिकटन निर्यात भएको निर्देशक रोकायले बताउनुभयो । उहाँका अनुसार कर्णालीमा अधिकांश कृषि वस्तु भारतबाट आयात हुने गरेका छन् । त्यसपछि दाङ, धादिङ, बाँके र चितवनबाट समेत आयात हुने गरेको छ ।

कर्णालीका पाँच जिल्लामा उत्पादन भएको वस्तुको निर्यात धेरै हुने गरेको छ । सरकारले भने उत्पादनमुखी कार्यक्रम ल्याएर प्रदेशलाई आत्मनिर्भर बनाउने दाबी गर्दै आएको छ । प्रदेशमा कृषि क्षेत्रमा वार्षिक अर्बौं बजेट विनियोजन हुने गरे पनि परिणामुखी भने हुन नसकेको कृषि विज्ञले बताएका छन् ।

# एमालेद्वारा मध्यपहाडी क्षेत्रका सात सय ५१ योजना र माग सरकारसमक्ष प्रस्तुत

काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आज प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड'समक्ष मध्यपहाडी क्षेत्रका विकासका सम्भावना र चुनौतीसहित सात सय ५१ योजना तथा कार्यक्रम समेटिएको ध्यानाकर्षणपत्र बुझाउनुभएको छ ।

गत मङ्सिर १४ देखि पुस १ गतेसम्म सुदूरपश्चिमको झुलाघाटदेखि सुदूर पूर्वको चिवाभञ्ज्याङसम्म एमालेले सञ्चालन गरेको 'समृद्धिका लागि सङ्कल्प यात्रा' का क्रममा जनताबाट प्राप्त माग, ज्ञापन र सुझाव एवं देखिएका समस्यालाई लिपिबद्ध गरी सो पार्टीले सरकारलाई हस्तान्तरण गरेको हो । पुष्पलाल (मध्यपहाडी) लोकमार्गको अद्यावधिक स्थिति र कतिपय स्थानमा पुनः रेखाङ्कन तथा सुधार गर्नुपर्ने विषयमा समेत एमालेले नेपाल सरकारलाई ध्यानाकर्षण गराएको छ । सो क्रममा मध्यपहाडी क्षेत्रले सबैभन्दा बढी एक सय ५७ वटा माग सडकसँग सम्बन्धित र २५ वटा मोटरेबल पुल प्राथमिकतामा राखेको देखिएको छ ।

सो सुझावमा सडक, शिक्षा, पर्यटन, कृषि तथा फलफूल, स्वास्थ्य, उद्योग, ऊर्जा, मोटरेबल पुल, सिँचाई, भवन निर्माण, संस्कृति संरक्षण तथा प्रवर्द्धन, भूमि व्यवस्था, बस्ती विकास, खेलकुद, जातीय विभेद, छुवाछूत तथा हिंसाविरुद्ध, खानेपानी व्यवस्थापन तथा स्रोत संरक्षण, भूकम्पप्रभावित क्षेत्रलगायत ठाउँमा पुनःनिर्माण तथा पुनःस्थापना, सुरुङ मार्ग निर्माण, भूक्षय नियन्त्रण तथा तटबन्ध निर्माणलगायत विषयमा मुख्य माग रहेका छन् ।

पहाडी गाउँबस्तीमा बसाइँसराइ ठूलो चुनौतीका रुपमा देखापरेको, कतिपय बस्तीहरु रित्तिँदै गएको, विद्यार्थीको अभावमा कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेको, खेतीयोग्य जमिन बाँझो बन्दै गरेको र कतिपय ठाउँमा त वृद्धवृद्धाको हेरचाह गर्ने या मलामी जाने युवाको समेत अभाव देखिएको विषयमा सरकारको ध्यानाकर्षण गराइएको एमालेका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।


यस्तै, उत्पादित वस्तुले बजार, उचित मूल्य र संरक्षण नपाउनु पनि बसाइँसराइका कारण बन्न पुगेको उल्लेख गर्दै पार्टीले किसानको हित संरक्षणका लागि विदेशी मुलुकका कृषि उत्पादनको अनियन्त्रित आयात रोक्न, बिचौलियाको दोहन नियन्त्रण गर्न, पुँजी र प्रविधिको प्रबन्ध, बाली बीमा, उत्पादनको समर्थन मूल्य र बजारको व्यवस्था गर्न ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ ।

## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मैथिली मातृभाषामा समाचार सेवा सुरु गर्नेसम्बन्धमा रासस मधेश प्रदेश कार्यालयका प्रमुख टिकाराम सुनार मङ्गलबार जनकपुरधाम उपमहानगरकाका प्रमुख मनोजकुमार साहलाई छलफलपछि सैद्धान्तिक अवधारणापत्र हस्तान्तरण गर्दै । *तस्बिरः रासस*

# पूर्व मन्त्रीको स्वाभिमान यात्रा

**टुडे समाचारदाता**

राजविराज । पूर्वमन्त्री तथा नेकपा माओवादी केन्द्रका नेता उमेश कुमार यादवले मंगलबारदेखि सप्तरी स्वाभिमान यात्रा सुरु गरेका छन् ।

यहाँस्थित गजेन्द्र नारायण सिंह र साकेतचन्द्र मिश्रको शालिकमा माल्यार्पण गरी उनले यात्राको सुरुवात गरेका छन् ।

सप्तरीको समग्र विकासमा देखिएका समस्याहरुको पहिचान गर्दै समाधानका लागि सबै पक्षलाई एकै थलोमा ल्याउने उद्देश्यका साथ पूर्वमन्त्री यादवले सो अभियानको सुरुवात गरेको बताए ।



अभियानको सुरुवात गर्दै उनले दलीय भावनाबाट माथि उठेर सप्तरीको समग्र विकासका लागि अभियान भएकाले यसमा सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गरे ।

अभियानका क्रममा पार्टीको झण्डा नबोकी केबल नेपालको राष्ट्रिय झण्डा मात्र बोकेर नागरिकहरुको घर घरमा जाने उनले बताए ।

जिल्लाको बलानबिहुल गाउँपालिकास्थित चन्ही मल्हनियाँबाट अभियानको सुरुवात गरिएको उनले बताए । अभियानका क्रममा गाउँका बुद्धिजीवि, किसान तथा सर्वसाधारणहरुसँग सप्तरीको कृषि, सिंचाई, पर्यटन लगायतका समस्या बारे छलफल गर्ने उनको भनाइ छ ।

"अभियानका क्रममा सप्तरीको एउटा पालिकामा कम्तीमा एक हप्तासम्म बस्छु, त्यहीका स्थानीयसँग बसेर स्थानीयका समस्याहरुको पहिचान गर्छु", पूर्वमन्त्री यादवले भने,"स्थानीय स्तरमा देखिएका समस्याहरुको बिषयमा गाउँका स्थानीय तथा स्थानीय सरकारका प्रमुख लगायतहरुसँग अन्तरक्रिया गर्छु ।" स्थानीय तहबाटै समाधान हुने बिषयलाई स्थानीय तहबाटै र अन्य निकायबाट समाधान हुने बिषयलाई सम्बन्धित निकायमा लैजाने छु, उनले भने ।

पहिलो चरणमा जिल्लाको १८ वटै पीलकामा अभियान लैजाने र त्यहाँबाट आएका सुझाब सल्लाह अनुसार दोस्रो चरणको कार्यक्रम निर्धारण गर्ने उनले बताए । यसअघि पूर्वमन्त्री यादवले गत शुक्रवार सप्तरी स्वाभिमान यात्राको सन्दर्भमा जिल्लाका बुद्धिजीवि, पेशाकर्मी, राजनीतिक दलका प्रतिनिधि लगतयका सरोकारबालासँग अन्तरक्रिया गरेका थिए ।

# बिआरआई परियोजनाविरुद्ध प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । चिनियाँ आर्थिक सहयोग बिआरआई परियोजना मुलुकको लागि ऋणजाल भएको भन्दै वीरगञ्जमा प्रदर्शन गरिएको छ । राष्ट्रिय एकता अभियान वीरगञ्जले चिनियाँ ऋणजालविरुद्ध सचेतना रैली निकाल्दै प्रदर्शन गरेको छ ।




अभियानका राष्ट्रिय विद्यार्थी परिषद्का संयोजक विवेक कुशवाहाको नेतृत्वमा गरिएको विरोध प्रदर्शनमा पोखरा बिमानस्थललाई ऋणजालबाट मुक्त गर, राष्ट्रिय स्वाधीनताको रक्षा गर, नेपाल-चिन बीच भएको बिआरआई सम्झौता खारेज गर, चिनियाँ हस्तक्षेप बन्द गर लगाएका चीन विरोधी नारा लगाइएको थियो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको चिनियाँ ऋण अनुदानमा परिणत गरियोस भन्दै मुख्य माग सहित निकालिएको र्‍याली वीरगञ्जको माइस्थान मन्दिर अगाडिबाट सुरु भइ नगरपरिक्रमा गरी घण्टाघरमा पुगेपछि कोण सभामा परिणत भएको थियो ।

कोणसभामा बोल्दै प्रमुख अतिथि अभियानका केन्द्रीय संयोजक विनय यादवले अप्रत्यासित रुपमा बढेको चिनियाँ सक्रियताले मुलुकको राष्ट्रिय स्वाधिनता खतरामा परेको आरोप लगाए ।

उनले आर्थिक सहयोगको बहानामा देखिएको चीनको सक्रियता र सहयोग दुबै नेपाल र नेपाली जनताको भविष्य खतरामा डुब्दै गएको बताउदै राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न ठूलो आवश्यकता रहेको बताए ।

उनले आउने समयमा पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको लागि चीनले दिएको सहयोग नेपालको लागि ठूलो ऋणजाल साबित हुने दावी गरे ।

संयोजक यादवले पोखरा बिमानस्थलमा देखिएको आर्थिक घाटापूर्तिको बहानामा चिनियाँ सेना पोखरामा ल्याउने ठूलो चलखेलभइरहेको आरोप समेत लगाए ।

नेपालको सार्वभौमसत्ता माथि बढदै गएको खतराबाट समयमै सचेत हुन सबै नेतालाई आफूहरुले पटक पटक अनुरोध र आह्वान गर्दै आएपछि घैटोमा घाम नलाग्नु दुखको कुराभएको संयोजक यादवको भनाइ थियो ।

# प्राणप्रतिष्ठाको अवसरमा समुह र समाजद्वारा हनुमान अराधना

**टुडे समाचारदाता**

जनकपुरधाम । भारत उतरप्रदेशको अयोध्यामा निर्माण भएको भब्य श्री राम लल्लाको मन्दिर समुदघाटन तथा प्राण प्रतिष्ठा अनुष्ठानको शुभ अवसरमा नेपालको धनुषालाई सम्बन्धलाई थप प्रगाढ पार्दै सीमावर्ती दुवै तर्फका जनताहरुको हितका लागि कार्यक्रमको आयोजना गरिएको दुवै संस्थाका अगुवाहरुले बताएका छन् ।

समुह र समाजका अध्यक्षद्वय क्रमश राजिव झा र मुरली मनोहर



भारतको पिपरौन संग जोडने धनुषाको जटही भन्सार नाका स्थित महादेव मन्दिरमा नेपाल भारत खुल्ला सीमा संवाद समुह र नेपाल भारत सीमावर्ती नागरिक समाजले संयुक्त रुपमा हनुमान आराधनाको आयोजना गरेका छन् ।

मंगल कामना र दुई देशको मिश्रले दुवै देशका अगुवाहरु मिलेर नाकामा आजको शुभ दिनमा गरिएको कार्यक्रमले दुई तर्फी हित हुने बताए । सो अवसरमा समुह र समाजका प्रदिप कुमार चौधरी, रितेश कुमार चौधरी, डा. अजय झा सहितको सक्रिय सहभागिता थियो ।

# महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन पेश

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेश गरेका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा मंगलबार आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष महान्यायाधिवक्ता पोखरेलले उक्त वार्षिक प्रतिवेदन पेश गरेका हुन् ।



नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको लगत संख्या १४ हजार दुईसय ८९ रहेकामा दुई हजार नौ सय १४ थान फछ्र्योट भएको प्रतिवेदनमा उल्लेख छ । फछ्र्योट भएका मुद्दामा सरकारी पक्षको सफलता ४१ दशमलव २८ प्रतिशत रहेको उल्लेख छ ।

उच्च सरकारी वकिल कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको लगत संख्या २९ हजार तीन सय २२ रहेकामा १७ हजार चारसय १२ थान फछ्र्योट भएका छन् । फछ्र्योट भएका मुद्दाको सफलता ५३ दशमलव ५८ प्रतिशत रहेको छ ।

विशेष सरकारी वकिल कार्यालय, काठमाडौंबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनको लगत संख्या दश हजार २३ रहेकामा पाँच थान १२ थान फछ्र्योट भएको जनाउँदै फछ्र्योट भएका मुद्दाको सफलता ८३ दशमलव ६८ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

जिल्ला सरकारी वकिल कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको जम्मा लगत संख्या ७२ हजार एक लाख ९६ रहेकामा ३६ हजार सात सय तीन थान फछ्र्योट भएको छ । फछ्र्योट भएका मुद्दामा सफलता प्रतिशत ७६ दशमलव ८४ रहेको छ । समग्रमा सरकारवादी मुद्दा रिट र निवेदनमा ६९ दशमलव १९ प्रतिशत सफलता प्राप्त भएको प्रतिवेदनमा जनाइएको छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकिल कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको संख्या एक लाख २५ हजार आठ सय ३० रहेको छ । यो अघिल्लो आवको भन्दा १३ दशमलव ३२ प्रतिशतले बढी हो ।सरकारवादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा सरकारी वकिल कार्यालयबाट प्रतिरक्षा गरिएका मुद्दाको लगत संख्या एक लाख सात हजार नौ सय आठ रहेको प्रतिवेदनमा उल्लेख छ ।

नेपाल सरकार उपर परेका रिटको संख्या १३ हजार पाँच सय ४१ र अन्य निवेदनको संख्या चार हजार तीन सय ८१ रहेको छ । विगत पाँच आवमा सरकारी वकिलले प्रतिनिधित्व र प्रतिरक्षा गरेको मुद्दा, रिट तथा निवदेनको संख्या ३९ दशमलव ६० प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा जनाइएको छ ।गत आवमा सरकारवादी भई मुद्दा चलाउने निर्णय भएकामा उक्त मुद्दाको संख्या ३८ हजार नौ सय र प्रतिवादी संख्या ६३ हजार एक सय २१ रहेको छ । सोमध्ये मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ भित्रका मुद्दाको संख्या ३२ हजार पाँच सय ६७ र प्रतिवादी संख्या ५४ दशमलव नौ सय ५९ रहेको छ ।

# 'व्यक्तिगत खाताबाट व्यावसायिक कारोबार गरेर कर छली'

**टुडे समाचारदाता**

काठमाण्डु । व्यक्तिगत बैंक खाताबाट व्यावसायिक प्रकृतिका कारोबार गरेर कर छली गर्ने प्रवृत्ति बढ्दै गएको देखिएको छ ।

मंगलबार सार्वजनिक भएको नेपाल राष्ट्र बैंकअन्तर्गत रहेको वित्तीय जानकारी एकाइ (फाइनान्सियल इन्टेलिजेन्स युनिट-एफआइयु नेपाल) को प्रतिवेदनअनुसार विभिन्न प्रकृतिका व्यावसायिक कारोबारमा संस्थागत वा व्यावसायिक खाताबाट नभई व्यक्तिगत खाताबाट रकम लेनदेन गरेर कर छली हुने गरेको देखिएको हो ।

एफआइयु नेपालको वार्षिक प्रतिवेदन २०२२/२३ अनुसार सन् २०२० जनवरीदेखि सन् २०२२ डिसेम्बरसम्म विश्लेषण गरिएका शङ्कास्पद कारोबारमध्ये ३७ प्रतिशत कारोबारमा व्यावसायिक प्रकृतिका कामका लागि व्यक्तिगत बैंक खाता प्रयोग भइरहेको देखिएको छ ।यसरी व्यावसायिक प्रकृतिको कारोबारमा व्यक्तिगत बैंक खाता प्रयोग भएर गरिने शङ्कास्पद लेनदेनको संख्या मासिक औसत ६५ वटा रहेको पनि प्रतिवेदनमा उल्लेख छ ।

"यो प्रकृतिको शङ्कास्पद कारोबार भनेर वित्तीय जानकारी एकाइमा आउनेमध्ये ४८ प्रतिशत सामित्व व्यवसायसँग सम्बन्धित, ३३ प्रतिशत प्राइभेट लिमिटेडसँग सम्बन्धित र १९ प्रतिशत व्यवसाय कस्ता प्रकृतिका कम्पनी हुन् भन्ने खुलेको छैन", प्रतिवेदनमा भनिएको छ, "क्षेत्रगत रुपमा व्यापार, उत्पादन, होटल तथा रेष्टुराँ, ट्राभल, मेडिकललगायतका क्षेत्रमा यस्तो कारोबार बढी भइरहेको छ ।"

एउटै व्यवसायको कारोबारका लागि धेरैवटा बैंक खाता प्रयोग हुने गरेको पनि देटिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । यसरी व्यावसायिक कारोबारमा व्यक्तिगत खाता प्रयोग हुनेमा कम्पनीका सञ्चालक, शेयरधनी, परिवारका सदस्य तथा कर्मचारी बढी हुने गरेको प्रतिवेदनमा औँल्याइएको छ ।

वित्तीय जानकारी एकाइले दुई सय चार मामलाको अध्ययन तथा विश्लेषण गरेकामा एक सय १३ मामलालाई थप अध्ययन तथा अनुसन्धानका लागि राजस्व अनुसन्धान विभाग तथा आन्तरिक राजस्व विभागमा पठाइएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार ती मामलामा शङ्कास्पद कारोबार भएको रकम रू १२ अर्ब बराबर रहेको छ ।कर छलीका लागि व्यावसायिक कारोबारमा व्यक्तिगत बैंक खाता प्रयोग गरिनुलाई गम्भीर समस्याका रुपमा औँल्याउँदै प्रतिवेदनले यस्तो कार्य रोक्नका लागि सबै नियामक र सरोकारवाला निकायले भूमिका खेल्नुपर्ने सुझाव दिएको छ ।

# न्यौपाने 'वर्ष जवान-२०८०' घोषित



**टुडे समाचारदाता**

काठमाण्डु । सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ कालिका गण कास्कीका सशस्त्र प्रहरी सहायक हवल्दार विष्णुप्रसाद न्यौपाने 'वर्ष जवान-२०८०' घोषित भएका छन् ।

काठमाडौँको हलचोकस्थित सशस्त्र प्रहरीको प्रधान कार्यालयमा मंगलबार आयोजित '२३औँ सशस्त्र प्रहरी दिवस-२०८० ' का अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उनलाई 'वर्ष जवान'को ट्याग प्रदान गरे ।

कार्यक्रममा सशस्त्र प्रहरीको प्रधान कार्यालयबाट भएको केन्द्रीय निरीक्षणका क्रममा देशभरका एकाइबाट यस वर्ष सर्वोत्कृष्ट एकाइ हुन सफल सशस्त्र प्रहरी बलअन्तर्गत विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, नम्बर १९ बङ्गलामुखी (विशेष कार्यदल) गण काठमाडौँ र नम्बर ३ म्याग्लुङ गुल्म तेह्रथुमलाई 'रनिङ अवार्ड' प्रदान गरिएको छ । महानिरीक्षक अर्यालले सङ्गठनको नाम उच्च राख्न विशिष्ट एवं उल्लेखनीय कार्य गर्नुहुने सशस्त्र प्रहरी बल, नम्बर १ बराह बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेललाई 'एपिएफ सम्मान' प्रदान गरे ।

उनले सङ्गठनलाई अनुकरणीय योगदान पुर्‍याउने नेपाली सेना, नेपाल प्रहरी, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी, राष्ट्रिय अनुसन्धान विभागका साथै देशभरका सशस्त्र प्रहरी एकाइमा कार्यरत रही विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई कदरपत्रसहित 'आइजी एपिएफ निशान' प्रदान गरे । उक्त समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले हलचोकमा रहेको अमर सशस्त्र प्रहरी स्मारकमा पुष्पहार चढाउनुका साथै सङ्गठनका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व कृष्णमोहन श्रेष्ठलगायत अमर सशस्त्र प्रहरीप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

उनले व्यावसायिकता, इमान्दारिता र बफादारितालाई मूलमन्त्र बनाउँदै सङ्गठनमा रहेको प्रणाली र पद्धतिलाई आत्मसात् गर्दै 'चेन अफ कमाण्ड'मा रही सङ्गठनलाई स्थापित गर्ने कार्यमा लाग्न सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिए । महानिरीक्षक अर्यालले भने, "राष्ट्रले जिते हामी सबैले जित्छौँ भन्ने मर्मलाई ध्यानमा राखी सबैले कर्तव्य निर्वाह गर्नुपर्छ । गर्न नसकिने भन्ने केही छैन, हामी गर्छौं, म गर्छु भन्ने प्रतिबद्धता हामी सबैमा आउनु आवश्यक छ ।"

कर्तव्यपालनाको सिलसिलामा मृत्युवरण गर्नुभएका सशस्त्र प्रहरी उपरीक्षक स्व सुमन थपलियाको स्मृतिमा अक्षय कोष खडा गरी सोबापत प्राप्त हुने ब्याजबाट प्रत्येक वर्ष एक जनालाई वार्षिक रु २५ हजार राशिको 'बेस्ट इन्टिग्रिटी अफिसर अवार्ड' प्रदान गर्ने घोषणाअनुरुप यस वर्ष उक्त अवार्ड सशस्त्र प्रहरी नायब उपरीक्षक प्रदीप राईलाई प्रदान गरिएको थियो ।

सो अवसरमा कर्तव्य पालनाको सिलसिलमा शारीरिक रुपमा अङ्गभङ्ग भई अशक्त अवस्थामा रहेका छ जनालाई एक तह विशेष बढुवा गरिएको छ । यस्तै वार्षिक चाँदमारी प्रतियोगितामा उत्कृष्ट भएका चार जना सशस्त्र प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।कार्यक्रममा सशस्त्र प्रहरी बल नेपालले पहिलोपटक आयोजना गरेको 'राष्ट्रव्यापी खुला कविता प्रतियोगिता' मा उत्कृष्ट १० स्थान हासिल गर्न सफल कविलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

PLAN INTERNATIONAL

**गोदाम घर भाडामा लिनेबारे सूचना**

**प्रकाशित मितिः २०८०।१०। १०**

**रिफेरेन्स नं. ERO-005/23-24**

प्लान इन्टरनेशनल नेपाल बालबालिकाको अधिकार र किशोरीहरुको समानता प्रबर्द्धन गर्ने एक अन्तराष्ट्रिय गैरसरकारी संस्था हो । प्लान इन्टरनेशनल नेपालले वि.स. २०३४ सालदेखि नेपालमा पिछडिएका बालबालिका, उनीहरुका परिवार र समुदायलाई स्वास्थ्य, शिक्षा, आर्थिक सुरक्षा र संरक्षणको अधिकारको पहुँच दिलाउन काम गर्दै आएको छ ।

प्लान इन्टरनेशनल नेपाल , पूर्व क्षेत्रीय कार्यालय, जनकपुरका लागि राहतका सामग्री भण्डारण गर्न गोदाम घर आवश्यक भएकाले तल उल्लेखित विवरण अनुसार इच्छुक घर धनी तथा संघ संस्थाबाट आवेदन आव्हान गरिन्छ ।


१. **भाडामा चाहिने घरको विवरण** :- २५०० देखि ३००० बर्गफिट क्षेत्रफल, दुईवटा कन्टेनर राख्न सकिने खाली जग्गा भएको, ठूलो ट्रक जान सक्ने पानी, बिजुलीको ब्यबस्था भएको कम्पाउन्ड सहितको फराकिलो बाटोसँग जोडिएको घर वा गोदाम घर ।
२. घर वा गोदाम घर बिसहारा चौकमा रहेको प्लान इन्टरनेशनल नेपालको कार्यालय वरिपरि, मुरली चौक, विश्वकर्मा चौक, क्याम्पस चौक वा जनकपुर एरीयाको मुख्य राजमार्गसंग जोडिएको क्षेत्रमा भएकोलाइ प्राथामिकता दिइनेछ ।
३. इच्छुक घर धनी तथा संघसंस्थाले आफ्नो घर जग्गाको विवरण खुलाई, कर सहित मासिक भाडा उल्लेख गरेको निवेदनसहित घर जग्गा धनी पूर्जा, घरको नक्सा, मालपोत तिरेको रसिद, नागरिकताको छाँयाप्रति संलग्न गरी सिलबन्दी आवेदन पेश गर्नु पर्ने छ ।
४. **आवेदन गर्ने स्थान र मिति** :- २०८० साल माघ २४ गते [07 February 2024] ५ बजेसम्म निम्न स्थानमा आवेदन गर्न सकिने छ । तोकिएको समय भन्दा पछाडि बुझाइएका आवेदनलाइ समाबेश गरिने छैन ।

**प्लान इन्टरनेशनल नेपाल**

**पूर्व क्षेत्रीय कार्यालय, जनकपुर**

**बिसहारा चौक, जनकपुरधाम , धनुषा**

बालबालिका र युवा व्यक्तिलाई सुरक्षित राख्न सक्छौ भनौ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# धर्मप्रतिको आस्था बढ्दो

भारतको अयोध्यास्थित रामजन्म भूमिमा नवनिर्मित भगवान रामको मन्दिरको उद्घाटन र प्राण प्रतिष्ठा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका छन् । भारतमा मन्दिरको उद्घाटन र प्राण प्रतिष्ठाको विषयमा विभिन्न राजनीतिक दलहरुले आ-आफ्ना सुविधा अनुसार समर्थन र आलोचना गरिरहेका छन् । सनातन धर्मका व्याख्याता शंकराचार्यहरुले मन्दिरको उद्घाटन र प्राण प्रतिष्ठाको विषयमा फरकक-फरक धारणा व्यक्त गरेका छन् । भारतमा लोकसभाको चुनाव यसै वर्ष हुने भएको छ । कतिपय राजनीतिक दलका नेताहरुले मन्दिरलाई आ-आफ्नो राजनीतिक जनाधार बनाउन पक्ष र विपक्षमा तर्कवितर्कहरु गरिरहेका छन् । त्यो भारतको राजनीतिक मामिला हो । मत तान्ने दृष्टिकोणले अभिव्यक्तिहरु दिइरहेका छन् । राजनीतिक विषय आफ्नो ठाउँमा होला । हुनत देशका प्रधानमन्त्री मोदीले मन्दिरको उद्घाटन र प्राण प्रतिष्ठा गरेपछि राजनीतिक हुनु अस्वभाविक होइन् । तर त्यो बाहेक राममन्दिरको उद्घाटन र भगवान रामको प्राण प्रतिष्ठाले सनातन धर्मावलम्बीहरुलाई उत्साहित बनाएको छ । हिन्दू धर्मप्रति आस्था भएकाहरुले भारतको अयोध्यामा मात्र नभई संसारभरि नै घरमा दीपोत्सव मनाए । घरघरमा जय सियारामको झण्डा फहराए । अयोध्यामा चीरप्रतिक्षापछि निर्माण भएको राममन्दिरले भारतीय हिन्दूहरुका लागि मात्र नभै संसारकै हिन्दूवादीहरुलाई हर्षित बनाएको छ । भारतको अयोध्यामा भगवानको प्राण प्रतिष्ठा भइरहेको बेला नेपालको जानकी मन्दिरमा सवा लाख दीप प्रज्वलन गरिएको थियो । घरघरमा दीपोत्सव र ध्वजा फहराइएको थियो । हुनत भगवान रामको ससुराली पनि जनकपुरधाममा हो । जनकपुरधाममा उल्लास हुनु स्वभाविक भए पनि नेपालभरी यस्तो उल्लास देखियो । नेपालमा सनातन धर्मावलम्बीहरुको अनेक संघसंस्थाहरुले माघ ८ लाई हिन्दूमय बनाएको थियो । विगतमा नेपाल हिन्दू राष्ट्र थियो । अहिले धर्मनिरपेक्ष भएको छ । तर भगवान राममन्दिरको उद्घाटनले धर्मप्रतिको आस्था निकै बढाएको देखिन्छ । किशोर र युवाहरुको विशाल सहभागितामा शोभा यात्राहरु निकालिएको थियो । शोभायात्रामा सहभागीहरुले लगाउने नाराले पनि हिन्दूहरुमा जागरुकता बढेको बुझ्न सकिन्छ । भारतको सबै प्रान्तमा हिन्दूत्वप्रति राममन्दिरले आकर्षण बढाएको छ । धार्मिक स्वतन्त्रता सबैलाई संविधानले नै प्रदान गरेको छ । धर्म सद्भाव बढाउने पनि भएकाले एक अर्काको धार्मिक समारोहमा सघाउने र सहभागिता जनाउने क्रम राममन्दिरको उद्घाटनले प्रारम्भ भएको छ । हरेक धर्मावलम्बीहरुबीच पनि सहिष्णुता हुनु जरुरी छ । भारतको राममन्दिर संघर्षको इतिहास पनि बनेको छ । तर अहिले विगतको असहिष्णुता हराएको छ । भगवान रामले सबैको कल्याण गरुन् ।

# सुनजस्तै तनहुँका सुन्तला

**कृष्ण न्यौपान**

तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोकका विश्वबहादुर अधिकारीले यो वर्ष सुन्तला बेचेर रु ७५ लाख आम्दानी गर्नुभयो । विसं २०५२ बाट व्यावसायिकरुपमा सुन्तला खेतीमा आबद्ध उहाँले सुन्तला खेतीबाट मनग्य आम्दानी गरिरहनुभएको छ ।

गाउँको भिरालो जग्गालाई सदुपयोग गरी सुन्तला खेती गर्नुभएका अधिकारीको सुन्तला बगैँचामा एक हजार तीन सयभन्दा बढी बोट छन् । सबैभन्दा धेरै यही वर्ष सुन्तला उत्पादन भएको अधिकारीको भनाइ छ । उहाँले भन्नुभयो, "अन्य वर्ष रु ६०/७० लाखको उत्पादन भएको छ । यो वर्ष सबैभन्दा धेरै उत्पादन भयो ।"

सुन्तला खेतीका लागि वार्षिक रु १५ लाख खर्च हुने गरेको अधिकारीको भनाइ छ । उहाँले भन्नुभयो, "यो वर्ष खर्च पहिलाभन्दा थोरै बढ्छ । यो वर्ष खेताला बढी लगाउनुपरेको र मलखादको प्रयोगका कारण खर्च बढी हुन्छ ।" फलेका सुन्तला सबै टिपिसकेपछि सुन्तला बोटको गोडमेल गरिने अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "सबै सुन्तला टिपिसकेपछि सुन्तलाको बोटमा गोडमेल गर्ने, मल हाल्ने, पिना हाल्ने काम हुन्छ ।"

सुन्तला बिक्रीबाट भएको आम्दानीले छोरा इन्जिनियर र छोरी डाक्टर भइसकेको अधिकारीले सुनाउनुभयो । सुन्तला बगैँचा सुदृढीकरण, गोडमेल, मलखाद व्यवस्थापन, समयमा औषधोपचार गर्न सके सुन्तलाको दाना राम्रो, रसिलो, गुलियो र उत्पादन राम्रो हुने उहाँको भनाइ छ । सुन्तला बगानसम्म सडक सञ्जाल जोडिएकाले सुन्तला बिक्रीका लागि सहज भएको अधिकारी बताउनुहुन्छ । उहाँले भन्नुभयो, "सुन्तला खरिद गर्न ठेकेदार बगानमा नै आउनुहुन्छ । बजारको कुनै समस्या छैन । बिक्री हुँदैन की भन्ने चिन्ता छैन ।"

सुन्तला खरिद गर्ने ठेकेदार तुलबहादुर थापाले यहाँ उत्पादित सुन्तला काठमाडौँ लगेर बिक्री गर्ने गरेको बताउनुभयो । "म्याग्देको खानीगाउँ, उमाचोकमा सुन्तला राम्रो भएकाले बगान नै ठेक्का लिएर खरिद गर्ने गरेको छु । यहाँ उत्पादित सुन्तलाका दाना राम्रा हुन्छन् । बजारको समस्या छैन ।"

देवघाट गाउँपालिका-३ का भीमबहादुर थापाले यो वर्ष रु ५५ लाखको सुन्तला बिक्री गर्नुभएको छ । विगतमा अधियाँ गरेर खानपर्ने बाध्यता रहेको उहाँको परिवारलाई अहिले सुन्तलाले आत्मनिर्भर बनाएको छ । उहाँले भन्नुभयो, "विगतमा केही अन्नबाली उत्पादन नभएर भोकै बस्नुपर्ने बाध्यता रहेका यहाँका किसानले यतिबेला सुन्तला बेचेर मनग्य आम्दानी गर्दै आएका छन् । लुडग्डिमा एउटै घरबाट रु २० लाखभन्दा बढीको सुन्तला बिक्री भएको छ ।"

यो त केही उदाहरणमात्र हुन् । तनहुँमा यो वर्ष किसानले सुन्तला बिक्री गरेर रु ३० करोड भित्र्याएका छन् । जिल्लामा गत वर्षको तुलनामा यो वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । ज्ञान केन्द्रका बागवानी विकास अधिकृत वीरेन्द्र धितालले यो वर्ष करिब रु ३० करोड बराबरको सुन्तला उत्पादन भएको जानकारी दिनुभयो । यो वर्ष तीन हजार सात सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएको प्रारम्भिक अनुमान छ । कार्यालयका अनुसार गत वर्ष रु २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो । उक्त अवधिमा तीन हजार छ सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो ।

प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ । सुन्तला खेतीबाट मनग्य आम्दानी हुन थालेपछि किसान यसतर्फ आकर्षित हुँदै गएका छन् । जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ । कार्यालयले सुन्तला खेती किसानलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । धितालले भन्नुभयो, "किसानलाई सुन्तला बगैँचामै पुगेर पनि आवश्यक परामर्श दिइरहेका छौँ ।" उहाँका अनुसार देवघाट-२ र ३, आँबुखैरेनी-५, म्याग्दे ४, व्यास-७, १३ र १४, भिमाद-८ र ९, बन्दीपुर-३, ऋषिङ-३ र घिरिङमा सुन्तला खेती विस्तारको सम्भावना छ ।

तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायत ठाउँमा समेत यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् ।

ज्ञान केन्द्रले चालु आर्थिक वर्ष २०८०/८१ मा सुन्तला खेतीमा सहयोग गर्न रु एक करोड बजेट विनियोजन गरेको छ । कार्यालयले किसानलाई बगैँचा व्यवस्थापनका लागि उक्त रकम सहयोग गर्ने जनाएको छ ।

जिल्लाका अधिकांश ठाउँमा व्यापारी नै बगैँचासम्म पुगेर सुन्तला खरिद गर्ने गरेका छन् । उमाचोकका अधिकारीले व्यापारीलाई ठेक्कामा दिँदा सहज हुने अनुभव सुनाउनुभयो । उहाँले भन्नुभयो, "सुन्तला बगैँचा नै ठेक्कामा दिँदा बिक्रीका लागि सहज हुन्छ । यसले गर्दा बजार खोज्दै हिँड्नुपर्ने समस्या हुँदैन ।"

**ढुवानीमा समस्या भेल्दै किसान**

तनहुँको देवघाट गाउँपालिका-३ स्थित लुम्डिङ, छिपछिपे, छापस्वारा, दगरालगायत ठाउँमा उत्पादित सुन्तला बजारसम्म ढुवानीका लागि भने प्रत्येक वर्ष समस्या हुँदै आएको छ । ती ठाउँबाट वार्षिक करोडौँ मूल्यका सुन्तला उत्पादन भए पनि बजारसम्म लैजान समस्या हुँदै आएको हो । नदीपारि रहेको लुम्डिङ, छिपछिपे, छापस्वारा, दगरा गाउँलाई राजमार्गसम्म जोड्न त्रिशूली र सेती नदीमा पुल नहुँदा सुन्तला बजारसम्म सुन्तला ढुवानीका लागि समस्या हुँदै आएको सुन्तला किसान भीमबहादुर थापाको गुनासो छ ।

उहाँका अनुसार लुम्डिङ र छिपछिपेका किसानले बुद्धसिंह मार्गको नाल्दीघाट र मुग्लिङ-नारायणगढ सडकको गाईघाटसम्म जिपमा ल्याएर त्यहाँबाट बोकाएर झोलुङ्गे पुल तारेर राजमार्गसम्म ल्याउने गरेका छन् । छापस्वाँरा र दगराका किसानले भने ग्राभिटी रोपवेमार्फत बुद्धसिंह मार्गमा झारेर त्यहाँबाट दमौली हुँदै काठमाडौँ सुन्तला ढुवानी गर्ने गरेको उहाँले बताउनुभयो ।

सुन्तला उत्पादनमा देवघाट जिल्लाकै पकेट क्षेत्रका रुपमा विकास भइरहेको छ । किसान थापाका अनुसार यस वर्ष लुम्डिङ गाउँबाट रु तीन करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ । नाल्दी र गाईघाटमा पुल भएको भए ढुवानीका लागि सहज हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पुल नहुँदा ढुवानीका लागि खर्च हुँदै आएको छ । यसले किसानलाई समस्या भएको छ ।"

पुल नहुँदा दगराका किसानले रोपवेमार्फत सुन्तला राजमार्गसम्म झार्ने गरेको सुन्तला उत्पादक किसान हरिकुमार श्रेष्ठको भनाइ छ । उहाँले भन्नुभयो, "पुल भएको भए समस्या हुन्थेन, पुल नहुँदा वर्षौंदेखि यहाँ उत्पादित कृषिजन्य सामग्री रोपवेमा राखेर राजमार्गसम्म ल्याउनुपर्छ ।" यहाँका स्थानीयवासीले गाउँमा उत्पादित सुन्तला, अदुवा, केरा तथा अन्य फलफूल रोपवेबाट राजमार्गसम्म झार्ने गरेको श्रेष्ठले बताउनुभयो । दगरा र छापस्वाँराका करिब ६० घरको ढुवानीको साधन नै रोपवे भएको छ । रोपवे हुँदा ढुवानीमा भने सहज भएको कृषकको भनाइ छ । श्रेष्ठका अनुसार सेती नदीमा पुल निर्माण गर्न सके गाउँसम्मै सवारी साधन पुग्ने र त्यसले सहज हुन्थ्यो ।

देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाट गाउँपालिकाको भौगोलिक बनावटका कारण किसानलाई सास्ती भएको बताउनुभयो ।



उहाँले भन्नुभयो, "नदीमा पुल नहुँदा ढुवानीमा समस्या भइरहेको छ । नाल्दीघाट, घुमाउने र गाईघाटमा पुल बन्न सकेमात्रै किसानलाई सजिलो हुन्छ ।" नाल्दीबाट लुम्डिङसम्म जाने ग्रामीण सडकलाई गाउँपालिकाले सुन्तलामार्ग नामकरण गरी बजेट विनियोजन गरेको छ । यस ठाउँमा पुल निर्माणका लागि सङ्घीय सरकारलाई ध्यानाकर्षण गराइएको उहाँको भनाइ छ ।

गाउँपालिकाले सुन्तला उत्पादक किसानलाई लक्षित गरी सुन्तला नर्सरी स्थापना गर्न रु ३० लाख बजेट विनियोजन गरेको छ । उक्त नर्सरीमा बिरुवा उत्पादन गरेर इच्छुक किसानलाई निःशुल्क वितरण गरिने बताइएको छ । देवघाट गाउँपालिका-१, २, ३ र ४ का विभिन्न भागमा सुन्तला उत्पादन हुन्छ । प्राक्टिकल एक्सन नेपालको आर्थिक सहयोग तथा एनजीओ नेटवर्क तनहुँको प्राविधिक र सामाजिक सयोगमा आर्थिक वर्ष २०६६/६७ मा जिल्लाभर चारवटा सुधारिएको तुइन र चारवटा ग्राभिटी रोपवे निर्माण गरिएको थियो । त्यसमध्येको एक दगरा र छापस्वाँरा जोड्ने रोपवे हो ।

# 'साइलेन्ट किलर' बन्दैछ मधुमेह



**डा ज्योति भट्टराई**




मधुमेह (चिनी रोग) लाई अङ्ग्रेजीमा 'डायबिटिज' भनिन्छ । रगतमा लामो समयसम्म चिनीको मात्रा बढी हुने रोगलाई सामूहिक रुपमा डाक्टरी भाषामा 'डायबिटिज मिलाइटस' वा 'डायबिडिज मलाइटस' भन्ने गरिन्छ । रगतमा हुने 'इन्सुलिन' नामक हर्मोनले रगतमा भएको चिनी अर्थात् ग्लुकोजलाई शरीरका कोषमा प्रतिक्रिया गराएर त्यहाँबाट शक्ति उत्पादन गर्न मद्दत गर्दछ । फलस्वरुप रगतमा चिनीको मात्रा निश्चित स्तरभन्दा माथि जान सक्दैन । शरीरभित्र इन्सुलिन बनाउने काम प्यानक्रियाज ग्रन्थीको हो । प्याक्रियाजले आवश्यक मात्रामा इन्सुलिन बनाउन सकेन भने वा भएको इन्सुलिनसँग कोषले प्रतिक्रिया जनाउन सकेन भने रगतमा चिनीको मात्रा बढ्न जान्छ । लामो समयसम्म रगतमा चिनीको मात्रा बढिरह्यो भने मुटु, मिर्गौला, आँखा, खुट्टालगायत विभिन्न अङ्गमा हानि पुग्दछ ।

केही वर्षयता विश्वव्यापी रुपमा मधुमेहका रोगी संख्या दिन प्रतिदिन बढ्दो छ । सन् १९८० पछिको तथ्याङ्कलाई हेर्ने हो भने १८ वर्षमाथिका चार प्रतिशतमा मधुमेह देखिएको थियो । यो समस्या अहिले साढे आठ प्रतिशतभन्दा बढी मानिसमा देखिएको छ । सन् २०१५ मा १६ लाख मानिसको यो रोगले मृत्यु भएको मानिन्छ । विश्व स्वास्थ्य सङ्गठन डब्ल्युएचओ ले विश्वमा झन्डै ४२ करोड मानिसलाई मधुमेह रोग रहेको अनुमान गरेको छ । । विश्वमा करिब २२ करोड मानिस मधुमेह रोगबाट प्रभावित रहेको र आगामी २०३० सम्ममा यो संख्या दोब्बर हुने डब्ल्युएचओले जनाएको छ । विश्वमा रोगबाट मर्नेहरुमध्ये पाँच प्रतिशत मधुमेहका रोगी छन् । यदि तत्काल कुनै प्रभावकारी कदम नचालिएमा आउँदो १० वर्षमा मधुमेहबाट ज्यान गुमाउनेको संख्या ५० प्रतिशतले बढ्नेछ । सन् २०३० सम्ममा १७ वर्षमुनिका मानिसको मृत्यु दरमा मधुमेहको हिस्सा ५० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

नेपालमा पनि प्रत्येक घरमा मधुमेहका रोगी बढिरहेका छन् । कति रोगी छन् भन्ने तथ्याङ्क नभए पनि झन्डै आठ प्रतिशत मानिसलाई मधुमेह हुनसक्ने अनुमान गरिएको छ डब्लुएचओले नेपालमा पनि ४० वर्षसम्म उमेर समूहका करिब १५ प्रतिशत मधुमेहबाट ग्रसित रहेको र सो उमेर समूहभन्दा माथिका करिब १९ प्रतिशतलाई मधुमेह लागेको तथ्याङ्क स्वास्थ्य विभागले दिएको छ । ग्रामीण क्षेत्रमा भन्दा पनि सहरी क्षेत्रमा मधुमेह प्रमुख स्वास्थ्य समस्याका रुपमा रहेको छ ।

पहिले-पहिले मधुमेह ४० वर्ष कटेपछि हुन्थ्यो भन्ने भनाइ थियो । बढ्दो आधुनिकीकरण, खानेकुरामा विषादीको अत्यधिक प्रयोग, अनियन्त्रित जीवनशैलीका कारणले पनि होला मधुमेहको समस्या विकराल बन्दैछ । बृद्धेसकालमा लाग्ने रोग भनिने यो रोग अहिले ३०-३५ वर्षभित्रै मधुमेह देखिन थालेको छ । अस्वस्थकर जीवनशैली, पत्रुखाना, अत्यधिक तनाव आदिले गर्दा अहिले त युवावस्थामै मधुमेह हुन्छ ।

मधुमेहका धेरै हुन्छन् । मधुमेहलाई मुख्य दुई प्रकारमा हेर्न सकिन्छ । पहिलो प्रकारमा शरीरमा इन्सुलिन भन्ने तत्व हुन्छ, जसले जीवकोषमा चिनीलाई नियन्त्रण गर्दछ । दोस्रो प्रकारको मधुमेह प्रायः ४०-५० वर्ष उमेर कटेपछि अस्वस्थकर जीवनशैली, मोटोपनको कारणले धेरैमा हुन्छ । यसमा शरीरमा रहेको इन्सुलिनले ग्रन्थीसँग काम गर्दैन । विदेशमा ४० को उमेर भएपछि देखिने यो समस्या नेपालमा अहिले सानै उमेरमा देखिन थालेको छ । यो प्रकारको मधुमेह धेरै कम व्यक्तिलाई हुन्छ यो प्रकारको मधुमेह धेरैलाई हुन्छ ।

खानपान, जीवनशैली र भौगोलिकतासँगै वंशाणुगत मधुमेह रोग लाग्छ । वातावरणीय कारण खानपान, तनाव मात्र होइन, प्रदूषण, खाद्यान्न उत्पादनमा रासायनिक मलको प्रयोग पनि मधुमेहसँग जोडिएको पाइएको छ । मोटोपन भएका मानिसमात्र होइन, स्वस्थकर खाना नभएर, कुपोषण भएकालाई पनि मधुमेह हुनसक्छ । आमालाई कुपोषण हुँदा पनि उनीबाट जन्मिएको बच्चालाई पछि मधुमेह हुनसक्छ । गर्भावस्थामा पनि विविध कारणले मधुमेह हुन्छ । कतिपय मानिसमा वंशाणुगत कारण पनि मधुमेह हुने गर्दछ । मधुमेह भएको बिरामीमा पटकपटक पिसाब लाग्ने, दुब्लाउँदै जाने, थकान महसुस गर्ने, सङ्क्रमणहरु निको नहुने, पानी प्यास लाग्ने हुन्छ । झन्डै ५० प्रतिशत व्यक्तिमा त यसको लक्षण नै देखिँदैन । लक्षण देखिएन भन्दैमा मधुमेह भएको छैन भनेर ढुक्क हुन सकिँदैन । त्यस्ता व्यक्तिहरुमा पनि केही लक्षणहरु जस्तै : बढी प्यास लाग्नु, दुब्लाउँदै जानु, घाउ संक्रमण आदि छिटो निको नहुनु, थकान महसुस हुनु, पिसाब बढी लाग्नु, भोग लाग्नु, मुख सुख्खा हुनेजस्ता लक्षणहरु देखिन्छ ।

जोखिम मधुमेह हुँदैमा डराइहाल्नु पर्दैन । सावधानी अपनाउने हो भने यसबाट आउन सक्ने विभिन्न जटिलबाट हामी जोगिन सक्छौं । यो दीर्घकालीन रोग भएकाले एकपटक लागिसकेपछि यसलाई राम्रोसँग नियन्त्रणमा राखेर व्यवस्थापन गर्नुको विकल्प नै छैन । जीवनशैलीमा सुधार ल्याएर, व्यायाम गरेर, स्वस्थ भोजन गरेर पेटको गोलाइ बढ्न दिइएन भने मधुमेहको समस्याबाट टाढा रहन सकिन्छ । धेरै मानिसहरु मधुमेह भएको पत्ता लाग्नासाथ डाक्टरको सल्लाह लिनुभन्दा आत्तिने वा अनेक घरेलु औषधितिर लाग्ने गरेको देखिन्छ । यसले रोग निको हुनुभन्दा झन् जटिल बनाउने हुन्छ । बिरामीलाई पहिलो प्रकारको मधुमेह भएको छ भने इन्सुलिनको सुई दिनुपर्ने हुन्छ भने दोस्रो प्रकारको मधुमेहमा चिकित्सकले बिरामीलाई खानपानमा अपनाउनुपर्ने सावधानीका बारेमा बताउँछन् र सँगसँगै रगतमा भएको चिनीको मात्रा नियन्त्रण गर्नका लागि खाने गोली पनि दिन सक्छन् ।

**सावधानीका उपाय**

मधुमेहको लक्षण देखिएमा वा नदेखिएमा पनि जाँच गरेर प्रेसर, सुगर र कोलेस्टोर सुरक्षित घेराभित्र राख्नुपर्छ । यो भनेको नराम्रो र महँगो पर्ने रोगबाट जोगिने उपाय हो । गुलियो खानेकुरा शरीरका लागि हानीकारक हुन्छन् । बढी चिनी हाम्रो शरीरले पचाउन सकेन भने त्यो प्याटमा परिवर्तन हुन्छ । पछि गएर त्यसले चिनीरोग मात्रै होइन, मुटुरोगको जोखिमलाई पनि बढाउँछ । गुलिया मिठाई मात्रै नभएर कोक, फ्यान्टा, जुसले पनि मधुमेह हुन सक्छ । बजारिया पेयपदार्थमा पनि फ्रुक्टोसिरफ भन्ने हालेको हुन्छ, यसलाई मेडिकल साइन्सले विषै मान्छ । विश्वका एक लाख व्यक्तिमा अनुसन्धान गर्दा विभिन्न प्रकारका पत्रु खाना, रेसा नभएका खाना, बिस्कुट आदिको प्रयोग गर्ने मानिसमा दोस्रो प्रकारको मधुमेह बढी भएको देखिएको थियो ।

मधुमेह मात्रै होइन, जुनसुकै रोगबाट बच्न मदिरा र सुर्तीजन्य पदार्थसेवन गर्नु हुँदैन । स्वस्थ जीवनका लागि व्यायाम अनिवार्य छ । हाम्रा शरीरका सबै अङ्गलाई ग्राम्री चलाउनुपर्छ । दिनमा एक घन्टा वा कम्तीमा आधा घन्टा हिँड्नैपर्छ । मधुमेहबाट बच्ने अर्को सावधानीको उपाय भनेको तनावलाई कम गर्ने हो । तनावबाट पूर्ण रुपमा मुक्त हुन सकिँदैन तर, कम गर्न सकिन्छ । खुसी रहन, हाँस्न प्रयत्न गर्नुपर्दछ । दुखी रहयो भने सुगर व्यवस्थापन गर्न गाह्रो हुन्छ । तनावमा भएका बेला सुगरको मात्रा ह्वात्तै बढ्छ । तनावमा कर्टिसोल नामक हर्मोन निस्कन्छ र यसले सुगर निकाल्छ । त्यसैले सकेसम्म हामीले तनावलाई घटाउनुपर्छ ।

अचेल मधुमेह नाप्ने यन्त्र ग्लुकोमिटर पनि सस्तैमा पाइन्छ । बेला-बेला सुगर चेकजाँच गरिरहनुपर्छ । त्यस्तै, कोलेस्टेरोल, उच्च रक्तचापको परीक्षण गरिरहनुपर्छ । त्यस्तै, नियमित औषधि सेवन गर्नुपर्छ । पछि गएर अन्धोपन नहोस्, मुटुरोग, यौन दुर्बलता आदि नहोस् भनेर औषधि दिइएको हुन्छ।

# आगामी आवको बजेट अधुरा आयोजना सम्पन्न गर्नेमा केन्द्रित रहने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले परम्परागत नीति तथा कार्यक्रम र बजेटले समस्या समाधान नहुने भएकाले आगामी आर्थिक वर्षको बजेट कनिका छरेजस्तो नभइ अधुरा आयोजनाको निर्माण सम्पन्न गर्न केन्द्रित हुने बताएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मंगलबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटको तयारीसम्बन्धमा भएको बैठकमा प्रधानमन्त्रीले अधुरा आयोजना पूरा गर्ने गरी आवश्यक तयारी गर्न मातहतका निकायलाई निर्देशन दिए । प्रधानमन्त्रीले पूराना योजना अलपत्र पर्ने तर नयाँ-नयाँ योजना थपिँदै जाँदा एकातिर काम नहुने र अर्कोतर्फ ठूलो स्रोत खेर जाने भएकाले यसतर्फ गम्भीर हुन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराएका हुन् ।

प्रधानमन्त्रीले भने, "विकास योजनावद्ध हुन्छ र हुनुपर्छ । बिना सम्भाव्यता अध्ययन, बिना उपयोगिता जहाँ पनि विकास माग्ने तर त्यसको अपनत्व पनि नलिने, स्रोत पनि नपुग्ने र विनियोजित बजेट पनि फ्रिज जाने बिडम्वना छ। त्यसबाट हामी माथि उठ्नैपर्छ। विगतमा छनोट भएर अधुरा रहेका योजना सम्पन्न गर्न सम्पूर्ण तागत लगाउनुपर्छ ।"

अर्थतन्त्रका सूचकहरु सकारात्मक रहेको भए पनि दबाबमुक्त भइनसकेको उनको भनाइ थियो । विकास निर्माणका काममा थुप्रै बेथिति रहेको भन्दै प्रधानमन्त्रीले भने, "यसपटक परम्परागत सोंच र ढाँचाबाटमाथि उठौँ । सबैलाई खुसी पार्ने होइन, देशको समृद्धिको कार्यभार पूरा हुने योजना छनोट गर्नुपर्छ । यसपटक 'ब्रेक-थ्रु' गर्नैपर्छ ।"

बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रका बाह्य सूचक सकारात्मक रहे पनि राजस्व सङ्कलनमा अपेक्षित सफलता प्राप्त भइनसकेकाले मितव्ययी भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्यालले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणको कार्यतालिका परिमार्जन गरिएकाले पर्याप्त अध्ययन र छलफलका आधारमा अन्तिम निष्कर्षमा पुग्न सजिलो हुने बताए । सो अवसरमा अर्थ मन्त्रालयका सचिव डा कृष्णहरि पुष्कर र सो मन्त्रालयका विभागीय प्रमुखहरूले अर्थतन्त्रको वर्तमान अवस्थाबारे विषयगत प्रस्तुति राखेका थिए ।

बैठकमा प्रधानमन्त्री दाहालले विभिन्न १६ बुँदे निर्देशन दिए । उनले आगामी आर्थिक वर्ष र आगामी तीन वर्षका लागि स्रोतको अनुमान गरी सिलिङलाई अन्तिम रूप दिने प्रबन्ध गर्ने व्यवस्था गर्नुपर्ने बताए।

> "विकास योजनावद्ध हुन्छ र हुनुपर्छ । बिना सम्भाव्यता अध्ययन, बिना उपयोगिता जहाँ पनि विकास माग्ने तर त्यसको अपनत्व पनि नलिने, स्रोत पनि नपुग्ने र विनियोजित बजेट पनि फ्रिज जाने बिडम्वना छ । त्यसबाट हामी माथि उठ्नैपर्छ । विगतमा छनोट भएर अधुरा रहेका योजना सम्पन्न गर्न सम्पूर्ण तागत लगाउनुपर्छ ।"

सिलिङलाई अन्तिम रूप दिनुअघि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले यही माघ २० गतेसम्म सबै मन्त्रालयसँग घनीभूत छलफल गरिसक्नुपर्नेछ। मन्त्रालय/निकायगत छलफल सकिएपछि माघ २५ गतेभित्र सबै मन्त्रालय/निकायसँग सामूहिक छलफल गरी राष्ट्रिय प्राथमिकता र राष्ट्रिय स्रोतको अवस्थाबारे छलफल गर्नुपर्नेछ।

यस्तै, हाल कार्यान्वयनमा रहेका आयोजना सम्पन्न हुने गरी बजेट विनियोजन गरिसकेपछि मात्र नयाँ कार्यक्रम तथा योजनाका लागि बजेट राख्नुपर्नेछ । प्रधानमन्त्री दाहालले राष्ट्रिय गौरवका आयोजनामा स्वीकृत खरिद गुरुयोजनाअनुरूप बजेट विनियोजन हुने सुनिश्चित गर्नुपर्ने बताए । बहुवर्षीय स्रोत सुनिश्चितता दिइएका आयोजना तथा कार्यक्रममा आवश्यक बजेट विनियोजन गरिसकेपछि मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट राख्ने व्यवस्था गर्नुपर्ने उनको जोड छ।

पूर्वतयारी पूरा भएका, आयोजना बैंकमा प्रविष्ट भएका र प्रतिफल दिने आयोजनाका लागि मात्र बजेट राख्ने, प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमका लागि मन्त्रालयमा बजेट राखी आर्थिक वर्षको बीचमा मन्त्रालयहरूले सशर्त अनुदानका रूपमा प्रदेश र स्थानीय तहमा पठाउने प्रवृत्ति बन्द गर्नैपर्ने प्रधानमन्त्रीको भनाइ थियो ।

आयोजना वर्गीकरण मापदण्ड विपरीत हुने गरी सङ्घीय तहमा कार्यक्रम तथा आयोजना नराख्ने, बजेट छर्ने परिपाटी पूर्णरूपमा अन्त्य गर्ने, संसद्मा बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दा मन्त्रालय/निकायगत बजेट सिलिङसमेत अनुसूचीमा राख्ने प्रबन्ध गर्न प्रधानमन्त्रीले अर्थमन्त्रालयको ध्यानाकर्षण गराए ।

बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा उठेका विषय र आम नेपालीले दिने सुझावसमेत समावेश गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले बजेट कार्यक्रम तयार गर्नुपर्ने उल्लेख गर्दै प्रधानमन्त्रीले राजस्व प्रणालीको पुनःसंरचना गर्ने व्यवस्था गर्न निर्देश गरे । उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी राजस्व प्रणाली निर्माण गर्ने, राजस्वको दायरा बढाउने, तयारी वस्तुको भन्दा कम हुने गरी कच्चा पदार्थको भन्सार महसुल कायम गर्ने, कर संरचनामा परिमार्जन गर्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिए ।

बजेट निर्माण गर्दा देहायका विषयमा ध्यान दिने विषय समेत स्पष्ट रुपमा मार्गनिर्देशन गर्नुभएको छ । उहाँले साधारण खर्चमा मितव्ययिता अपनाउने, विकास खर्च बढाउने, बाह्य तथा आन्तरिक ऋणको उपयोग विकास खर्चका लागि मात्र गर्ने, सम्भव भएमा बजेट उपशीर्षकगत स्रोत खुलाउँदा आन्तरिक ऋणको समेत उल्लेख गर्ने, आयोजना विशेष बण्ड जारी गर्ने तयारी गर्ने, प्राविधिक जनशक्ति उत्पादन र उपयोगका लागि बजेट विनियोजन गर्ने प्रबन्ध गर्नुपर्ने बताए ।

त्यस्तै, कृषिलाई प्राथमिकता दिने, अनुदानलाई एकीकृत गर्ने, उत्पादनमा आधारित अनुदान प्रणाली लागू गर्ने, कृषिलाई एउटा मन्त्रालयको रूपमा मात्र नभइ क्षेत्रको रूपमा हेरी सम्बद्ध मन्त्रालय समेतको कार्यक्रमबीच अन्तरसम्बन्ध हुनेगरी कार्यक्रम तयार गर्ने, औद्योगिकीकरणमा जोड दिने, निजी क्षेत्रलाई अधिकतम सहभागी गराउने कार्यक्रम तय गर्नुपर्ने उनको भनाइ छ ।

विषयगत मन्त्रालय बजेट प्रणालीमा मन्त्रालयलाई पूर्ण पहुँच दिई मन्त्रालयहरूले राखेका कार्यक्रम तथा आयोजनालाई अन्तिम रूप दिने, अर्थ मन्त्रालयले आफैं आयोजना तथा कार्यक्रम थप्ने काम पूर्णरूपमा बन्द गर्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ ।

यसैगरी, अपेक्षित प्रतिफल र उपलब्धिमा असर नपर्ने गरी कानुनबमोजिम कार्यक्रम संशोधन र खर्च शीर्षकगत रकमान्तरको अधिकार मन्त्रालयलाई नै दिने, कार्यक्रम संशोधन र रकमान्तरको एएबीआइएसमा प्रविष्ट गर्ने सुविधा मन्त्रालयलाई उपलब्ध गराइने । साथै एउटा कार्यक्रम वा आयोजनाका लागि एकपटक कार्यविधि/निर्देशिका निर्माण गरिसकेपछि प्रत्येक वर्ष पुनः निर्माण गर्नुनपर्ने व्यवस्था गर्नुपनर्मो प्रधानमन्त्रीको जोड थियो ।

## सीमा विकास कार्यक्रम सरकारको प्राथमिकतामा रहेको प्रधानमन्त्रीको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सशस्त्र प्रहरी बलको सीमा विकास कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने बताए ।

सशस्त्र प्रहरी दिवसको २३औँ वार्षिकोत्सव समारोहलाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले देशको सुरक्षा र स्वाभिमानका निम्ति सशस्त्रले पुऱ्याएको योगदानबारे आफू जानकार रहेको उल्लेख गर्दै सङ्गठनका कार्यक्रमलाई सरकारले प्राथमिकता दिने बताए ।

"सीमा सुरक्षा र व्यवस्थापनका क्षेत्रमा सशस्त्र प्रहरी बलले अगाडि बढाएका कार्यक्रमले विद्यमान समस्या तथा चुनौती सम्बोधन गर्दै देशको स्वाभिमान र सीमा सुरक्षामा गुणात्मक योगदान पुऱ्याउने विश्वास लिएको छु", प्रधानमन्त्री दाहालले भने, "सङ्गठनले प्रस्ताव गरेका सीमा विकास कार्यक्रमलाई प्राथमिकतामा राखी अगाडि बढाउन सरकार प्रतिबद्ध छ ।"

हिमालदेखि तराईसम्मका कठिन भौगोलिक तथा वातावरणीय प्रतिकूलता तथा सीमित पूर्वाधारका बाबजुत राष्ट्रसेवाको भावनासहित कार्यक्षेत्रमा परिचालित भएर सशस्त्र प्रहरीका जवान तथा अधिकृतको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सीमा सुरक्षार्थ तैनाथ सशस्त्र प्रहरी बललाई स्रोतसाधनको व्यवस्थासहित थप प्रभावकारी रूपमा परिचालन गर्न सरकार प्रतिबद्ध रहेको बताए । प्रधानमन्त्रीले भने, "सीमा सुरक्षाका साथै तपाईंहरूले राजस्व सङ्कलनमा पुऱ्याउनुभएको योगदान, महत्वपूर्ण व्यक्ति तथा संरचनाको सुरक्षा, आन्तरिक सुरक्षा, कानुन कार्यान्वयन, देशमा शान्ति, सुरक्षा, अमनचयन, कायम गर्ने तथा जनताको जीउधनको सुरक्षा गर्ने कार्यमा पुऱ्याउनुभएको योगदानप्रति सम्मान व्यक्त गर्दछु ।"

देशको सुरक्षा र स्वाभिमानका निम्ति दिलोज्यानले क्रियाशील सशस्त्र प्रहरी बलका अधिकृतको वृत्तिविकास एवं प्रोत्साहनमा देखिएका समस्याप्रति आफू जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, "मैले सरकारको नेतृत्व गरेपश्चात् सकल दर्जाका करिब छ हजार अधिकृत र जवानको पदोन्नतिको प्रक्रिया सम्पन्न भएको छ । साथै बललाई विगतमा प्राप्त गरेको जिम्मेवारीका अतिरिक्त केही नयाँ जिम्मेवार ीसमेत प्रदान गरिएको छ ।" उनले आगामी दिनमा बाँकी समस्याका विषयमा छलफल गरी आवश्यक सहजीकरण गर्ने विश्वास दिलाए ।

प्रधानमन्त्री दाहालले सङ्गठनमा आबद्ध अधिकृत र जवानको वृत्तिविकास, सेवा सुविधा, सुरक्षा, हातहतियारलगायत अन्य सामग्रीको उपलब्धतालाई सरकारले उच्च प्राथमिकता दिने बताए ।

## सेवाप्रवाह चुस्त बनाउन निर्देशन

**टुडे समाचारदा**

म्याङलुङ । सहरी विकासमन्त्री सीता गुरुङले सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन कार्यालय प्रमुखहरुलाई निर्देशन दिएकी छन् । मंगलबार तेह्रथुम जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायका साथै विभिन्न कार्यालयका प्रमुखसँगका बैठकमा मन्त्री गुरुङले कार्यालयहरुले प्रवाह गर्ने सेवा छिटोछरितो र सहज बनाउन निर्देशन दिईन् ।

मन्त्री गुरुङले जिल्लाका राजनीतिक दलका प्रमुखसँग जिल्लाको समग्र विकासबारे छलफल गरिन् । सहरी विकास मन्त्रालयमार्फत निर्माण हुन लागेको आठराई गाउँपालिकाको शीत भण्डार, महिला सामुदायिक भवन, म्याङलुङको मिनि मार्केट, आठराई गाउँपालिका-९ को वडा कार्यालयको प्रशासनिक भवन शिलान्यास गरिन् । सो अवसरमा उनले स्थानीय नागरिकसँग प्रत्यक्ष भेटघाट गरिन् ।

मन्त्री गुरुङले मंगलबारै लालिगुराँस नगरपालिकामा भइरहेको उद्यौली उभौली मेलाको पनि उद्धाटन गरिन् । मन्त्री गुरुङलाई लालीगुराँस नगरपालिकाको वसन्तपुरमा स्थानीयले सांस्कृतिक च्याब्रुङ नाच (केलाङ),झ्याक्री नाच (येवा लाङ), नौमती बाजासहित स्वागत गरेका छन् । लालीगुराँस नगरपालिकाको वसन्तपुरमा निर्माण हुन लागेको मिनिमार्केट र प्रशासनिक भवन शिलान्यास गर्ने कार्यक्रम रहेको उनका स्वकीय सचिव हेमन्त गुरुङले जानकारी दिए ।

# लगानी बढाउनुको विकल्प छैन : सांसद विक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभाका सांसद रुपा विकको सदनमा प्रवेशअघि केही गरौँ भन्ने हुटहुटी भए पनि अहिले त्यो उत्साह नभएको अनुभव छ । पहिलोपटक संघीय सांसद बनेकी उनले भनिन्, "सदनमा प्रवेश गर्नुअघि एकखालको हुटहुटी थियो । तर सदनमा एक वर्ष बढी बित्यो, त्यहाँको अनुभव, प्रक्रिया र कार्यान्वयन पक्ष हेर्दा पुरानै परिपाटी रहेको पाएँ, सोचेको जस्तो लागेन ।"

सांसद विकले सदनमा आफूहरूले जनजीविकाका सवालमा शून्य, विशेष र आकस्मिक समयमा पटक-पटक आवाज उठाए पनि प्रभावकारीरूपमा सुनुवाइ नभएको गुनासो गरिन् । "हामीले जनताको आवाज र गुनासो बोल्ने हो । तर कार्यकारी निकाय सरकारले सुनेको र कार्यान्वयनमा ध्यान दिएको खासै देखिँदैन", उनले भनिन् । कानुनी प्रक्रिया, कर्मचारीतन्त्र र अन्य सीमितताका कारण पनि चाहेजस्तो कार्यान्वयन नभएको हो कि भन्ने उनको बुझाइ छ ।

शिक्षातर्फ अङ्ग्रेजी विषयमा स्नातकोत्तर गर्नुभएका सांसद विकले संसद्को लामो प्रक्रियाका कारण कानुन बन्न ढिलाइ हुने गरेकोप्रति त्यस्ता विषय संसदीय समितिमार्फत बृहत् छलफल गरी निष्कर्ष निकाल्दा राम्रो हुने धारणा व्यक्त गरिन् । साथै उनले समिति बैठक बस्न बहुमत नपुग्ने गरेको भन्ने टिप्पणीप्रति सबै सदस्य जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गरिन् ।

पारिवारिक पृष्ठभूमिका कारण सानै उमेरमा नेविसङ्घको राजनीतिबाट कांग्रेसमा प्रवेश गरेकी उनले संसद्मा उठाएका विषय कार्यान्वयनका लागि निरन्तर सक्रियताका साथ लागिरहनुपर्ने अनुभवसमेत सुनाईन् । हाल युवावर्ग रोजागारीका लागि विदेश पलायन भइरहेको विषय मुलुककै लागि मुख्य चुनौती रहेको उल्लेख गर्दै सांसद विकले अब कृषि र पर्यटनमा लगानी बढाइ रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिईन् ।

विसं २०४२ मा जन्मेकी उनले भनिन्, "युवावर्गको विदेश पलायन रोक्न रोजगारी सिर्जना गर्र्ने नीति अपरिहार्य छ । रोजगारी नै मुख्य विषय हो । त्यसका लागि कृषि, शिक्षा, अर्थ र युवानीति रोजगारमैत्री बनाउनुपर्छ । अर्को कुरा युवामा पनि सबै विषय एकैपटक छिट्टै चाहिन्छ भन्ने अस्थिर मनस्थिति हट्नु जरुरी छ ।"

सरकारले उचित वातावरण बनाएर युवावर्गमा आशा देखाउन सक्नुपर्ने उल्लेख गर्दै उनले अहिलेको जसरी युवा विदेश पलायन भइराखे केही समयमै मुलुकका हरेक क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुने चिन्ता व्यक्त गरिन् । कृषिमा आधुकिकीकरण गरी मल, बीउ समयमै उपलब्ध गराउनुपर्ने, बजारको निश्चित व्यवस्था गर्नुपर्ने, उपकरणमा सहुलियत दिनुपर्ने र कुल बजेटको कम्तीमा पाँच प्रतिशत बजेट कृषिमा छुट्याउनुपर्ने उनको माग छ । यसका साथै मुलुकका प्राकृतिक र पुरातात्विक सम्पदा, बुद्धको जन्मभूमि, सगरमाथाको देशजस्ता विषयलाई पर्यटनमा व्यापक बजारीकरण गरेर र पूर्वाधार तयार गरी यो क्षेत्रलाई मुलुक समृद्धिमा उपयोग गर्नुपर्ने उनको सुझाव छ ।

आफूले सधैँ महिला, दलित र युवालगायत अल्पसंखयक समुदायका मुद्दालाई प्राथमिकताका साथ उठाउने गरेको जानकारी गराउँदै सांसद विकले राज्यले भने यी मुद्दामा अझै प्राथमिकता दिन नसकेको गुनासो गरिन् । संविधानले प्रदत्त गरेका मौलिक अधिकार कार्यान्वयनका लागि अझै धेरै कानुन बनाउन नसकिएको र बनेका कानुन पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको उनको भनाइ छ । साथै उनले सदनमा सांसदहरूले बोल्दा कतिपय अवस्थामा कुनै समुदाय र लैङ्गिक विशेषको भावनामा चोट पुग्ने शब्द चयन गर्ने गरेकोप्रति गम्भीर बन्न आग्रहसमेत गरिन् । उनले जनताका प्रतिनिधिको सर्वोच्च थलो संसद्मा अनुशासित र संयमित भएर सांसदहरूले छलफलमा भाग लिनुपर्ने धारणा व्यक्त गरिन्।

कांग्रेसको १ २ अ ा ँ महाधिवेशनदेखि निरन्तर पार्टीको महासमिति सदस्य निर्वाचित हुँदै आउनुभएका उनले मुलुकका भ्रष्टाचारका प्रकरण र अनियमितताका विषयमा सत्य, तथ्य छानबिन गरी त्यसमा संलग्न दोषीलाई जो-केही भए पनि कारबाहीको दायरामा ल्याउन सबै दल एकजुट हुनुपर्ने सुझाव दिईन् । पछिल्लो समयमा गरिब निमुखा जनता सहकारी र लघुवित्तका नाममा ठगिएको उल्लेख गर्दै सांसद विकले भनिन्, "यस्ता विषयमा विपक्षी दल पनि सदनमा खेल्नुपर्ने भूमिकाका चुकेको छ । सत्तापक्ष पनि एउटा प्रकरण नटुङ्गिँदै अर्को प्रकरण उठाउँछ । अनि कसरीमानिष्कर्षमा पुगिन्छ ।" उनले सबै राजनीतिक नेतृत्वपार्टीगत विचारभन्दा माथि उठेर मुलुकलाई स मृ द्धि बनाउनेतर्फ केन्द्रित हुनुपर्ने बताईन् ।



फरक प्रसङ्गमा सांसद विकले साना विषयमा पनि विपक्षी दलले सदन अवरोध गर्ने र सरकारले पनि पर्याप्त बिजनेस दिन नसकेका कारण पनि सदनले आवश्यक कानुन बनाउन नसकेको बताईन् । सदनमा सङ्घीय निजामती, सङ्क्रमणकालीनजस्ता विधेयक लामो समयदेखि विचाराधीन रहेको उल्लेख गर्दै उनले यसतर्फ सबै दलका राजनीतिक नेतृत्वले शीघ्र सहमति जनाएर अघि बढाउन लाग्नुपर्ने बताईन्।

सांसदको प्रमुख काम कानुन निर्माण भए पनि नेपालजस्तो मुलुकमा जनताको अपेक्षा र जनताबीच गरेका वाचा पूरा गर्न पनि सांसदले केही विकास निर्माणका काममा लाग्नुपर्ने बाध्यता रहेको उनको तर्क छ। सांसद विकले संसद् लाई प्रभावकारी बनाउन सांसदहरूले संयमरूपमा प्रस्तुत हुनुपर्ने, नैतिकवान बन्नुपर्ने र सरकारले पनि पर्याप्त बिजनेस र महत्व दिनुपर्ने सुझाव दिईन् । साथै सभामुखदेखि संसद् र संसद् सचिवायलका कर्मचारीसम्म सबैले जिम्मेवारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्नुपर्ने उनको सुझाव छ ।

# 'राष्ट्रिय योजनालाई डिजिटल रुपान्तरणको योजना बनाउनुपर्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले १६औं राष्ट्रिय योजनालाई डिजिटल रुपान्तरणको योजना बनाउनुपर्ने बताएकी छन् । उनले डिजिटल पूर्वाधारलाई प्राथमिकताका साथ अघि सार्न राष्ट्रिय योजना आयोगलाई आग्रह गरिन् ।



मन्त्री शर्माले १६औं राष्ट्रिय योजना निर्माणको सवालमा मन्त्रालयमा मंगलबार गरिएको राष्ट्रिय योजना आयोगसँगको छलफलमा राज्यको प्राथमिकता र लगानी सूचना प्रविधिमा केन्द्रित गर्नुपर्ने बेला आएको बताइन् । डिजिटल रुपान्तरणबिना मुलुकको समृद्धि सम्भव नभएकाले अब राज्यको प्राथमिकता र लगानी यसमा केन्द्रित हुनुपर्ने उनको भनाइ थियो ।

मन्त्री शर्माले डिजिटल नेपाल फ्रेमवर्कका आठ क्षेत्र डिजिटल पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र शहरी पूर्वाधारमध्ये डिजिटल पूर्वाधारको क्षेत्र सञ्चार मन्त्रालयको कार्यक्षेत्रभित्र रहेको र बाँकी सात क्षेत्र सम्बन्धित मन्त्रालयका कार्यक्षेत्रभित्र रहेकाले डिजिटल नेपाल निर्माणका लागि डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गर्न सबै मन्त्रालय र निकायको प्राथमिकता निर्धारण गर्ने गरी आगामी योजना बनाउनुपर्नेमा जोड दिईन् ।

"सबै क्षेत्रलाई एकसाथ अगाडि बढाउने हो भने डिजिटल नेपाल निर्माणमा धेरै काम गर्न सकिन्छ", मन्त्री शर्माले भनिन्, "सङ्घीय वा प्रदेश राजधानीमा रहेका राम्रा विद्यालयबाट देशभरि स्मार्ट कक्षा चलाउन सकिन्छ, काठमाडौँको वीर अस्पतालबाट मात्रै पनि दुर्गमका स्वास्थ्य संस्थामार्फत टेलिमेडिसिन सुरु गर्न सकिन्छ । यी सबै कामका लागि डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन सबैको प्राथमिकता बन्नुपर्छ ।"

नेपालमा बजेटभन्दा पनि उपयुक्त सोच र योजनाको अभावले विकास हुन नसकेको औँल्याउँदै मन्त्री शर्माले अब योजना बनाउँदा गर्न सकिने र गर्नैपर्ने कामलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिईन् । त्यसका लागि परियोजना बैंकको अवधारणा अघि सार्न सकिने उनले स्पष्ट पारिन् । परियोजना बैंक बनाएर त्यसलाई कार्यान्वायन गर्न सरकारले कति लगानी गर्ने, दातृ निकायको कति लगानी खोज्ने र जनश्रमलगायत अन्य स्रोतको पहिचान कसरी गर्ने भनेर योजना बनाउँदा नै ध्यान दिन मन्त्री शर्माले सुझाव दिईन् ।

छलफलमा राष्ट्रिय योजना आयोगका सदस्यद्वय डा प्रभु बुढाथोकी र डा अनिता शाह ढुङ्गाना, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीसहित मन्त्रालय र आयोगका अधिकारी सहभागी थिए ।

## कोशी प्रदेश सरकार गठनको एक सय दिनको उपलब्धि

**टुडे समाचारदाता**

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले आफ्नो नेतृत्वमा सरकार गठन भएको एक सय दिनमा गरिएका कामको उपलब्धि सार्वजनिक गरेका छन् ।

विराटनगरस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार साँझ आयोजित पत्रकार सम्मेलनमा उनले विसं २०८० असोज २७ गते गठन भएको यस सरकारले विराटनगरमा शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालनमा ल्याउनाका साथै सुनसरीको इटहरी उपमहानगरपालिका-११ मा एक सय शय्याको जलन अस्पताल निर्माणका लागि जनस्वास्थ्य सरोकार ट्रष्टसँग सम्झौता गरिएको जानकारी दिए ।

मुख्यमन्त्री कार्कीले दस वर्षमुनिका बालबालिकाको निःशुल्क उपचारका लागि सरकार मातहतका प्रादेशिक अस्पतालका साथै चारवटा निजी अस्पतालवाट सेवा दिन सम्झौता गरिएको, सङ्घीय सरकारबाट प्रहरी समायोजन गर्ने घोषणा भएर प्रक्रिया अघि बढाइएको, प्रदेशको पुनः नामकरण गर्ने आन्दोलनरत पहिचान पक्षधरसँग समस्या समाधानका लागि वार्ता समिति गठन गरिएको र अनुशासित चालक तथा सुरक्षित सडक अभियान प्रदेशका सबै स्थानमा सुरुआत गरिएको बताए ।

उनले राष्ट्रिय प्रजातन्त्र पार्टीको बिरोध मन्थर पारिएको, प्रदेशमा उद्योग, व्यापारको दर्ता र नवीकरण सेवा अनलाइनबाट सुरु गरिएको, मोरङको लेटाङ-बुधबारेमा २९ दशमलव ६० किलोमिटर रणनीतिक महत्वको सडक शिलान्यास गरी निर्माण सुरु गरिएको उल्लेख गरे ।

# करिब ८० वर्षअघि यहुदी नरसंहारमा बाँचेका दुई लाख ४५ हजार यहुदी अझै जीवित

एपी

बर्लिन । करिब ८० वर्षअघि यहुदी नरसंहारमा बाँचेका करिब दुई लाख ४५ हजार यहुदी अहिले पनि ९० भन्दा बढी मुलुकमा बसिरहेको मङ्गलबार एउटा नयाँ प्रतिवेदनबाट थाहा भएको छ ।

न्युयोर्कमा रहेको कन्फरेन्स अन ज्युज मेटरियल क्लेम्स अगेन्स्ट जर्मनी (क्लेम्स कन्फरेन्स पनि भनिन्छ) का अनुसार तीमध्ये करिब आधा (४९ प्रतिशत) इजराइलमा बसेका छन् भने पश्चिम युरोपमा १८ प्रतिशत, अमेरिकामा १६ प्रतिशत र १२ प्रतिशत पूर्वसोभियत सङ्घका मुलुकहरूमा छन् ।



जनसाङ्ख्यिकीय प्रतिवेदनको प्रकाशनअघि यहुदी नरसंहारबाट बचेकाहरू अझै कति जीवित छन् भन्ने अस्पष्ट अनुमानहरू मात्र थिए । अधिकांश धेरै बूढा र प्राय कमजोर स्वास्थ्य अवस्था भएका औसत ८६ वर्ष उमेरका उनीहरूको संख्या तीव्ररूपमा घटिरहेको छ । बाँचेका मानिसहरूमा २० प्रतिशत ९० वर्षभन्दा माथिका छन् र पुरुषहरू (३९ प्रतिशत) को तुलनामा धेरै महिला (६१ प्रतिशत) अझै जीवित छन् ।

अधिकांश अर्थात ९६ प्रतिशत जीवित मानिसहरू बच्चाका रूपमा बाँचेका 'होलोकास्ट सर्भाइभर्स वर्ल्डवाइड : अ डेमोग्राफिक ओभरभ्यू' प्रतिवेदनमा उल्लेख छ । उनीहरूको जन्म सन् १९२८ पछि भएको थियो । उक्त प्रतिवेदन अगस्टमा सङ्कलन गरिएको आँकडामा आधारित हो ।

"यस प्रतिवेदनमा भएका संख्याहरू चाखलाग्दा छन् तर तिनीहरूले प्रतिनिधित्व गर्ने व्यक्तिहरूलाई हेर्न संख्या हेर्न पनि महत्त्वपूर्ण छ", क्लेम्स कन्फरेन्सका कार्यकारी उपाध्यक्ष ग्रेग स्नाइडरले भन्नुभयो, "यी त्यस्ता यहुदीहरू हुन् जो यसै संसारमा जन्मेका थिए जसले उनीहरूको हत्या भएको हेर्न चाहन्थे ।

तिनीहरूले युवाअवस्थामा यहुदी नरसंहारको अत्याचार सहे र आफ्नो परिवार तथा समुदायलाई समाप्त गर्ने शिविर र बस्तीहरूको खरानीबाट सम्पूर्ण जीवन पुनः सुरु गर्न बाध्य भए ।"

यहुदी नरसंहारका क्रममा नाजी तथा तिनका सहयोगीहरूले ६० लाख युरोपेली यहुदी र अन्य अल्पसंख्यकको हत्या गरेका थिए । नाजीले कब्जा गरेको युरोपमा कति यहुदी मृत्यु शिविर, यहुदी बस्ती वा अन्य लुकेर बसेका थिए भन्ने स्पष्ट छैन तर उनीहरूको संख्या युरोपमा युद्धपूर्वको यहुदी जनसंख्याभन्दा अत्यन्त कम थियो ।

पोल्यान्डमा सन् १९३९ मा त्यहाँ रहने ३३ लाख यहुदीमध्ये तीन लाख मात्र बाँचेका थिए । एडोल्फ हिटलर सत्तामा आएको वर्ष सन् १९३३ मा जर्मनीमा करिब पाँच लाख ६० हजार यहुदी बस्दै आएका थिए । सन् १९४५ मा दोस्रो विश्वयुद्धको अन्त्यमा आप्रवासन तथा विनाशका कारण उनीहरूको संख्या करिब १५ हजारमा घटेको थियो ।

पूर्वसोभियत सङ्घका मुलुकबाट दुई लाख १५ हजारभन्दा धेरै यहुदी आप्रवासी तथा उनीहरूका परिवार जर्मनी आएसँगै सन् १९९० पछि जर्मनीमा यहुदी समुदाय फेरि बढ्यो । ती मुलुकबाट आएकामध्ये नरसंहारमा जीवित केही मात्र थिए ।

जनसाङ्ख्यिकीय प्रतिवेदनअनुसार हाल जर्मनीमा १४ हजार दुई सय मात्र नरसंहारबाट बाँचेका यहुदी बस्छन् । तीमध्ये एक रुथ विन्केलम्यान हुनुहुन्छ । उहाँ बर्लिनको उत्तरी बाहिरी भागमा एउटा बगैँचाको शेडमा आफ्नी आमा र बहिनीसँग लुकेर बाँच्नुभएको थियो । उहाँका बुबा असविट्जको मृत्यु शिविरमा हत्या गरिएको थियो । उहाँकी कान्छी बहिनी एस्तरको सोभियत लाल सेनाद्वारा बर्लिन स्वतन्त्र हुनुभन्दा केही साता पहिला सन् १९४५ मा भोक र थकानका कारण मृत्यु भएको थियो ।

अहिले पनि बर्लिनमा बस्दै आउनुभएकी ९५ वर्षीया विन्केलम्यानले प्यारो बुबालाई नसम्झेको आफ्नो जीवनमा त्यस्तो कुनै दिन नभएको बताउनुभयो । "यसले सधैँ पीडा दिन्छ, पीडा दिनरात हुन्छ", उहाँले भन्नुभयो । क्लेम्स कन्फरेन्सले 'जर्मन सरकारसँग क्षतिपूर्ति कार्यक्रमहरूका लागि योग्यता मूल्याङ्कन गर्ने सम्झौताका आधारमा' प्रतिवेदनले यहुदी नरसंहारबाट बचेकाहरूलाई परिभाषित गरेको बताएको छ । जर्मनीका लागि उक्त परिभाषामा सन् १९३३ जनवरी ३० देखि सन् १९४५ मेसम्म मुलुकमा बसोबास गर्ने यहुदी समावेश गर्दछ । सन् १९३३ जनवरी ३० मा हिटलर सत्तामा आएका थिए र सन् १९४५ मेमा दोस्रो विश्वयुद्धमा जर्मनीले बिनासर्त आत्मसमर्पण गरेको थियो ।

समूहले नाजीअन्तर्गत पीडित यहुदीहरूका तर्फबाट दावीहरू सम्हाल्छ र प्रत्येक वर्ष जर्मनीको वित्त मन्त्रालयसँग क्षतिपूर्तिका लागि वार्ता गर्दछ । जर्मनी सन् २०२४ का लागि विश्वभरमा यहुदी नरसंहारबाट बचेकाहरूका लागि समग्रमा थप एक अर्ब ४० करोड अमेरिकी डलर विस्तार गर्न सहमत भएको क्लेम्स कन्फरेन्सले जुनमा बताएको थियो । सन् १९५२ देखि जर्मन सरकारले नाजीद्वारा उत्पीडनको परिणामस्वरूप हुने पीडा र हानिका लागि व्यक्तिहरूलाई ९० अर्ब डलरभन्दा धेरै भुक्तानी गरेको छ ।

क्लेम्स कन्फरेन्सले धेरै क्षतिपूर्ति कार्यक्रम सञ्चालन गर्दछ र विश्वस्तरमा बाँचेका मानिसहरूलाई सिधै भुक्तानी गर्दछ । उसले विश्वभरमा तीन सयभन्दा धेरै सामाजिक सेवा एजेन्सीहरूलाई अनुदान प्रदान गर्दछ र बाँचेका मानिसहरूको घरेलु हेरचाह, भोजन, औषधि, यातायात र सामाजिकीकरण जस्ता सेवा प्राप्त गरेको सुनिश्चित गर्दछ ।

कन्फरेन्सले धेरै शैक्षिक परियोजनाहरू पनि सुरु गरेको छ । बाँचेका यहुदीहरूको संख्या कम भइरहेको र यहुदीविरोधी भावना पुनः बढ्न थालेकाले यस्ता परियोजनाले बाँचेका मानिसहरूको गवाहीलाई युवा पुस्तासम्म हस्तान्तरण गर्ने महत्त्वलाई दर्शाउँछ ।

"हामीले सङ्कलन गरेको तथ्याङ्कले हामीलाई नरसंहारबाट बाँचेका कति र कहाँ छन् भनेर मात्र बताउँछ, अधिकांश बाँचेकाहरूको हेरचाह र सेवाहरूको आवश्यकता बढिरहेको यसले स्पष्ट सङ्केत गर्दछ", क्लेम्स कन्फरेन्सका अध्यक्ष गिडियन टेलरले भन्नुभयो, "अब यो घट्दो जनसङख्यामा हाम्रो ध्यान दोब्बर गर्नुपर्ने समय हो, उनीहरूलाई हाम्रो सबैभन्दा बढी आवश्यकता छ ।"

बर्लिनमा बाँच्नुभएकी विन्केलम्यानले दशकौँसम्म कसैसँग यहाँसम्म कि आफ्ना श्रीमान्लाई पनि नरसंहारका क्रममा भोगेको त्रासका बारेमा बताउनुभएन तर सन् १९९० को दशकमा एक दिन एक अपरिचित उहाँसँग आए । उनले डेभिड स्टारको पेन्डेन्टसँगै उहाँको हारलाई देखे । त्यसपछि उनले विन्केलम्यानलाई उहाँ यहुदी नरसंहारबाट बाँच्नुभएको भन्दै उनकी छोरीको स्कुल कक्षामा आफ्ना अनुभवबारे कुरा गर्न सक्नुहुन्छ भनी प्रश्न गरे ।

"जब मैले यहुदी नरसंहारका बारेमा ती छात्राहरूसँग कुरा गर्न थालेँ, मेरो आँसु थामिएन तर त्यसबेलादेखि मैले यसबारेमा धेरै पटक कुरा गरेँ र प्रत्येक पटक मैले कम आँसु बगाएकी छु", गत साता उहाँले एपीलाई भन्नुभयो ।

जुन आतङ्कबाट आफू र बाँकी बाँचेकाहरू गुज्रिनुभयो त्यसको कहिले पनि अन्त्य हुन नसक्ने भन्दै विन्केलम्यानले अब आफ्नो कथा सुनाउनुलाई आफ्नो जीवनको मिसन बनाएको बताउनुभयो । पन्चानब्बे वर्षको उमेरमा पनि उहाँ अहिले पनि जर्मनीभरका स्कुलहरूमा जानुहुन्छ र उहाँका श्रोताहरूका लागि एउटा सन्देश दिनुहुन्छ ।

"म बालबालिकाहरूलाई भन्छु, हामी सबैको ईश्वर एउटै हुन्, यद्यपि हामीले उहाँलाई अलग अलग नाम दिएका छौँ र उहाँका लागि अलग अलग प्रार्थना गर्दछौँ, हामीलाई केले अलग बनाउँछ भन्दा पनि हामीलाई केले एकताबद्ध गर्छ भनेर हामीले हेर्नुपर्छ", उहाँले भन्नुभयो, "हामी असहमत भए पनि हामीले एकअर्कासँग कुरा गर्न छाड्नु हुँदैन ।"

# फुटबलका सात सयभन्दा बढी व्यावसायिक खेलाडी



**टुडे समाचारदाता**

झापा । झापा फुटबलको उर्वरभूमि बनेको छ । यहाँ सात सयभन्दा बढी फुटबलका व्यावसायिक खेलाडी रहेको झापा जिल्ला फुटबल सङ्घका अध्यक्ष भगिरथ आले बताउछन् । उनका अनुसार जिल्लामा वार्षिक रुपमा एउटा अन्तर्राष्ट्रियस्तरको, २५ वटा प्रादेशिकस्तर र दर्जनौँ वडा, टोलस्तरका फुटबल प्रतियोगिता आयोजना हुने गरेका छन् ।

झापामा विगतमा खसी र भाले पुरस्कार राखेर सहर र गाउँमा प्रशस्त फुटबल प्रतियोगिता सञ्चालन हुन्थे । दसैँ र तिहारका बेला आयोजना हुने यस्ता प्रतियोगिताले स्थानीय खेलाडी उत्पादनमा ठूलो योगदान दिएका थिए । अहिले त्यस्तो चलन तोडिएर नगद राशिको पुरस्कारमा रुपान्तरण भएको छ ।

स्थानीय सहकारी, उद्योगी र व्यापारीले फुटबल प्रतियोगितामा आर्थिक सहयोग पुऱ्याएर खेलकुदको विकासमा हौसला बढाइरहेको उनको भनाइ छ । कोरोना महामारी अघिसम्म झापामा वार्षिक चार वटासम्म अन्तर्राष्ट्रियस्तरका फुटबल प्रतियोगिता सञ्चालन हुँदै आएका थिए । उहाँले महामारीको असर फुटबल खेलमा पनि परेको बताए ।

विगतमा झापा गोल्डकप, शिवसताक्षी गोल्डकप, काँकरभिट्टा गोल्डकप र रोलिङ च्यालेन्ज गोल्डकप सञ्चालन हुने गरेका थिए । अहिले भद्रपुर गोल्डकप थपिएको छ । "अहिले ठूला पुरस्कार राशिका प्रतियोगिता झापा र भद्रपुर गोल्डकपमा सीमित भयो", उनले भने, "त्यही पनि बर्सेनि आलोपालो सहमतिमा आयोजना हुने गरेका छन् ।"

अस्मिता खवासलगायतका महिला खेलाडीले राष्ट्रिय टिममा बसेर योगदान पुऱ्याए भने हरि खड्का, मीन बस्नेत, प्रवेश कटुवाल, विशाल राई, सचिन्द्र धिमाललगायतका खेलाडीले पुरुष राष्ट्रिय टोलीको विभिन्न जिम्मेवारी सम्हाले । अध्यक्ष आलेले फुटबल खेलमा धेरै युवा आकर्षित भए पनि भविष्य सुनिश्चित नदेखेर विदेशिने क्रम बढेकोमा गुनासो गरे । सरकारले खेल क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गरेर शिक्षामा जस्तै लगानी गर्ने नीति अवलम्बन गर्न आवश्यक रहेको उनको सुझाव छ ।

अध्यक्ष आलेले जिल्लामा हाल 'ए' डिभिजनका आठ वटा र 'वी' डिभिजनका ११ वटा गरी १९ वटा क्लब रहेको बताए । जिल्लाबाट नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी लगायतका विभागीय टिममा खेल्ने खेलाडी पनि उत्तिकै रहेको बताए । उनले सात सयभन्दा बढी व्यावसायिक खेलाडीले झापाको फुटबल प्रतियोगितामा सहभागिता जनाउने गरेको बताए ।

झापामा विभिन्न प्रतियोगितामा विजेताले रु एक लाखदेखि रु १३ लाखसम्म पुरस्कार पाउनेगरी फुटबल प्रतियोगिता आयोजना हुने गरेका छन् । खेलाडी उत्पादन र उत्कृष्ट खेलाडी चयनका लागि झापा लिग पनि भइरहेको छ । झापाको रोलिङ च्यालेन्ज गोल्डकपको सुरुआतकर्ता पङ्कजविक्रम नेम्वाङ हाल अखिल नेपाल फुटबल संघ (एन्फा)को अध्यक्ष नै छन् ।

जिल्लामा हुने वडा र टोलस्तरीय फुलबल प्रतियोगिताका लागि सङ्घसँग अनुमति लिनु नपर्ने हुँदा वार्षिक रुपमा हुने सयौँ खेलको लेखाजोखा छैन । नयाँ खेलाडी र प्राविधिक जनशक्ति उत्पादन गर्न सङ्घ लागि परेको उनले बताए । उनले प्राविधिक र नयाँ खेलाडी उत्पादनमा जोड दिइरहेको बताए । उनले जिल्लामा खेल सिकाउन हाल ६० जना दक्षप्राविधिक र २४ जना रेफ्री रहेको बताए ।

अध्यक्ष नेम्वाङले चालु आर्थिक वर्षभित्रमै थप दक्ष प्राविधिक उत्पादनको तयारी गरिरहेको बताए । उनले युवालाई कुलतमा फस्न नदिन र विदेश पलायन रोक्ने माध्यम फुटबल नै भएको हुँदा सरकारले तत्काल नीति बनाएर लगानी बढाउनुपर्ने धारणा व्यक्त गरे । छिमेकी मुलुक भारतको दार्जिलिङ, कालिम्पोङ र सिक्किमका बासिन्दाले फुटबल खेलेको देखेर झापाली युवा फुटबल क्षेत्रमा दशकौँ अघिदेखि आकर्षित भएको उनको भनाइ छ ।

उनले भद्रपुर, कनकाई र अर्जुनधारा नगरपालिकाका प्रमुख क्रमशः गणेश पोखरेल, राजेन्द्र पोखरेल र बलदेव गोम्देन पनि जिल्लाका चर्चित फुटबल खेलाडी रहेको बताए । झापामा मेची रङ्गशाला मात्र राम्रो र सुविधा सम्पन्न खेल मैदान छ । उनले विर्तामोडमा रहेको अव्यवस्थित रङ्गशालालाई पनि सरकारीस्तरको बनाउन तीनै वटा तहको सरकारले पहल गर्नुपर्ने बताए । रङ्गशाला फराकिलो भएको, एकान्त स्थानमा पनि रहेको तथा यातायातको सुविधा भएको र सुरक्षाको दृष्टिकोणले उपयुक्त रहेको उनको भनाइ छ ।

हाल जिल्लामा रहेका सामुदायिक वन क्षेत्रभित्र भएका खेल मैदान र विद्यालयका खेल मैदानलाई फुटबल प्रतियोगिताका लागि प्रयोग गरिँदै आएको आलेले बताए । स्थानीय पालिकाले आफ्नो छुट्टै रङ्गशाला निर्माणमा चासो देखाइरहेका छन् । त्यसले झापाको फुटबल भविष्य अझ राम्रो हुने उनको कथन छ ।

# द्वन्द्वका कारण गाजामा २५ हजार सर्वसाधारणको मृत्यु



**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । गाजामा जारी इजरायली आक्रमण र इजरायलमा प्यालेस्टिनी रकेट आक्रमण सोमबार पनि कायम रहेको छ । संयुक्त राष्ट्रसंघले गत अक्टोबर७ मा युद्ध शुरु भएदेखि एन्क्लेभमा २५ हजार भन्दा बढीको मृत्यु भएको बताएको छ ।

गाजाको स्वास्थ्य अधिकारीहरूबाट प्राप्त जानकारी र मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघको कार्यालय (ओसिएच्ए) ले इजरायली आक्रमणका कारण ६२ हजार छ सय ८१ प्यालेस्टिनीहरू घाइते भएको जनाएको छ । यी आक्रमणहरू इजरायलमा हमास नेतृत्वको आक्रमणको प्रतिक्रियामा थिए । जसको परिणामस्वरूप लगभग १ हजार २०० जनाको मृत्यु भएको छ भने करिव २ सय ५० जना बन्धक बनाइएका छन् ।शुक्रबार गाजामा दुई जना इजरायली सैनिक मारिएको ओसिएएचएले जनाएको छ । यहाँ ग्राउन्ड अपरेसन शुरु भएदेखि कुल १ सय ९३ ल्यायो, र एक हजार दुई सय तीन सैनिकहरू घाइते भएको इजरायली सेनाले जनाएको छ ।

यो अवधिमा ३ सय ४३ प्यालेस्टिनीको मृत्यु भएको तथा ५ सय ७३ जना घाइते भएको संयुक्त राष्ट्रसंघीय सहायता समन्वय कार्यालयले जनाएको छ ।आइतबार युगान्डाको राजधानी कम्पालामा ७७ देशहरूको समूह र चीनको शिखर सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वलाई एक टिन्डरबक्सका रूपमा वर्णन गर्नु भएको छ । यस क्षेत्रभरि द्वन्द्व रोक्न आवाश्यक सबै पहलकदमी लिन अपिल गर्नु भएको छ ।

इजरायली र प्यालेस्टिनीहरूका लागि दुई-राज्य समाधानका लागि आफ्नो समर्थन दोहोर्याउँदै महासचिव गुटेरेसले इजरायलको सैन्य कारबाहीले व्यापक विनाश निम्त्याएको बताउनु भएको छ । तीन महिनाभन्दा बढी लामो समयदेखि जारी तीव्र बमबारीपछि गाजाका क्षेत्रमा मनावीय आवश्यकता प्रकाश पार्दै ओसिएइचएले गाजामा अहिले १५ वटामात्र बेकरीहरू सञ्चालनमा रहेको बताएको छ । तर राफाहमा छ वटा र देइर अल बालाहमा नौ वटा-र वादी गाजाको उत्तरमा कुनै पनि खुला छैन । यी लगभग सबै कार्यरत बेकरीहरूले संयुक्त राष्ट्रसंघ विश्व खाद्य कार्यक्रमबाट सहयोग खोहजाक छन् । जहाँ पिठो, नुन, खमीर र चिनी आदि खाद्य पदार्थ उपलब्ध छ ।यस पहलको माध्यमबाट करिब दुई लाख ५० हजार मानिसहरूले अनुदान मूल्यमा खाने कुरा किन्न पाएका छन । ओसिएइचएले आइतबार आपतकालीन अवस्थाबारे आफ्नो पछिल्लो अपडेटमा उल्लेख गरेको छ ।यसैबीच, प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसंघीय एजेन्सी युएन आरडब्लुएले सोमबार दूरसञ्चार सेवा बन्द सातौँ दिनमा प्रवेश गरेको जनाएको छ ।

आफ्नो सबैभन्दा पछिल्लो अपडेटमा, युएनआरडब्लुएले गाजाभित्र आन्तरिक विस्थापित व्यक्तिको संख्या १७ लाख पुगेको खुलासा गरेको छ । तीमध्ये एजेन्सीका सुविधाहरूमा शरण लिँदा कम्तीमा ३ सय ३५ जनाको मृत्यु भएको छ भने १ हजार १६१ जना घाइते भएका छन् । साथै अक्टोबर ७ देखि, युएनआरडब्लुएका १५१ जना कर्मचारी सदस्यहरू मारिएका छन् भने यसका १४१ वटा प्रतिष्ठानहरू क्षतिग्रस्त भएका छन् ।

# सन् २०२३ मा इजराइलको वैदेशिक व्यापारमा सङ्कुचन

एएनआइ

तेल अविव । इजराइलको केन्द्रीय तथ्याङ्क ब्यूरो (सिबिएस) ले सन् २०२२ को तुलनामा सन् २०२३ मा मुलुकको विदेशी व्यापारको रिपोर्ट दिएको छ ।

सन् २०२३ मा इजराइलबाट सामानको निर्यात (हीराबाहेक) सबैभन्दा बढी हुने देशहरूमा मोरक्को, इजिप्ट, हङ्गेरी, रोमानिया, उरुग्वे, लिथुआनिया, हङकङ र पोल्यान्ड थिए । यसको विपरीत इजराइलबाट निर्यातमा सबैभन्दा धेरै कमी भएका मुलुकहरूमा मलेसिया, अल्बानिया, ताइवान, फ्रान्स, टर्किए, क्यानाडा र संयुक्त अधिराज्य थिए । इजराइलमा सामानको आयात (हीराबाहेक) मा सबैभन्दा धेरै कमी आएका मुलुकहरूमा पाराग्वे, नर्वे, रुसी सङ्घ, उरुग्वे र ब्राजिल थिए । यसको विपरीत सबैभन्दा आयातमा धेरै वृद्धि भएका मुलुकमा नामिबिया, जाम्बिया, दक्षिण अफ्रिका, फिलिपिन्स र संयुक्त अरब इमिरेट्स थिए ।

इजराइलको सबैभन्दा ठूलो व्यापार बचत (हीराबाहेक) भएका मुलुकहरूमा अमेरिका, आयरल्यान्ड, ब्राजिल, भारत, स्लोभेनिया र साइप्रस थिए । त्यस्तै इजराइलको सबैभन्दा धेरै व्यापार घाटा (हीराबाहेक) भएका मुलुकहरूमा चीन, स्विट्जरल्यान्ड, जर्मनी, टर्किए र इटाली थिए । इजराइलमा सन् २०२३ मा वस्तुहरूको निर्यात कूल दुई खर्ब ३४ अर्ब ८० करोड सेकेल (६५ अर्ब अमेरिकी डलर) थियो । यो सन् २०२२ को तुलनामा आठ अर्ब ९० करोड सेकेल (तीन अर्ब ५० करोड अमेरिकी डलर अर्थात तीन दशमलव सात प्रतिशत) ले कम हो ।

त्यस्तै वस्तुहरूको आयात कूल तीन खर्ब ३७ अर्ब ७० करोड सेकेल (९२ अर्ब अमेरिकी डलर) भएको छ । यो सन् २०२२ को तुलनामा २४ अर्ब सेकेल (छ अर्ब ५० करोड अमेरिकी डलर अर्थात छ दशमलव छ प्रतिशत) ले कम हो । समग्रमा वस्तुहरूको कूल व्यापार घाटा एक खर्ब दुई अर्ब ९० करोड सेकेल (२८ अर्ब अमेरिकी डलर) भएको छ । यो सन् २०२२ को तुलनामा १२ दशमलव आठ प्रतिशतले कम हो ।

इजराइलको युरोपेली मुलुकहरूतर्फ वस्तुहरूको निर्यात नौ दशमलव सात प्रतिशतले घटेको छ भने युरोपेली युनियन (इयु) बाट वस्तुहरूको आयातमा १२ दशमलव आठ प्रतिशतले कमी आएको छ ।

# प्रधानमन्त्री कप क्रिकेटमा गण्डकीद्वारा बागमती पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेशले बागमती प्रदेशलाई पराजित गरेको छ । गण्डकीले बागमतीलाई तीन विकेटले हराएको हो । गण्डकीको यो दोस्रो जित हो ।

गण्डकी पाँच खेलमा चार अङ्क जोड्दै अङ्क तालिकाको आठौँ स्थानमा छ । त्यस्तै बागमती सात खेलमा आठ अङ्कका साथ तालिकाको दोस्रो स्थानमा छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा बागमतीले टस जितेर ४९ दशमलव एक ओभरमा सवै विकेट गुमाएर एक सय ९८ रन बनायो । एक सय ९९ रनको विजयी लक्ष्य गण्डकीले तीन बल बाँकी छँदा सात विकेट गुमाउँदै पूरा गऱ्यो ।

गण्डकीका लागि किरण पङ्गेनीले सर्वाधिक ७९ रनको योगदान दिए । उनले ९८ बलमा ६ चौका र तीन छक्का हाने । यस्तै ईश्वर क्षेत्रीले ३६, मुस्कान थापाले २७, कमल परियारले २० तथा समिर कँडेलले १९ रन बनाए ।बलिङतर्फ बागमतीका प्रतिश जिसीले दुई, रिजन ढकाल, सूर्य तामाङ र विपीन आचार्यले एक एक विकेट लिए ।

त्यसअघि पहिला ब्याटिङ गर्ने क्रममा बागमतीका लागि आँशुतोष घिरैयाले सर्वाधिक ४४ रनको योगदान दिए । त्यस्तै इशान पाण्डेले ४३, विपीन आचार्यले ३८, अशोक पौडेलले ३०, सूर्य तामाङले १५ तथा कप्तान रित गौतमले १३ रन बनाए । बलिङतर्फ गण्डकीका कमल परियारले चार, कप्तान विपीन खत्री र अमृत गुरुङले दुई/दुई तथा सन्दीप पराजुलीले

# दिल्लीमा बाक्लो कुहिरो र चिसोको कारण उडान र रेल सवा प्रभावित

**एएनआई**

नयाँदिल्ली । बाक्लो कुहिरो तथा प्रतिकूल मौसमका कारण मङ्गलबार राजधानी दिल्ली आउने - जाने उडान तथा रेलको आवागमन प्रभावित भएको छ ।

दिल्लीको इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थल हुँदै प्रवाहित हुने सेवा राजधानी दिल्लीलाई कुहिरोले ढाकेका कारण उडानमा ढिलाइ भएको छ । यसै गरी दिल्ली जाने २८ वटा लामो दूरीका रेलहरू पनि निर्धारित समय भन्दा ढिला शुरु गरिएको छ । भारतीय मौसम विज्ञान विभागका अनुसार दिल्लीमा न्यूनतम तापक्रम ७ डिग्री सेल्सियस र अधिकतम १८ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ ।

यद्यपि, मङ्गलबार बिहान दिल्लीमा रेकर्ड गरिएको न्यूनतम तापक्रम ६.९ डिग्री सेल्सियस थियो ।

उत्तर रेलवेका अनुसार हावडा -नयाँ दिल्ली राजधानी एक्सप्रेस, राजेन्द्रनगर - नयाँ दिल्ली राजधानी एक्सप्रेस, डिब्रुगढ-नयाँ दिल्ली राजधानी एक्सप्रेस, बेङ्गलोर-निजामुद्दीन राजधानी एक्सप्रेस, आजमगढ-दिल्ली जेएन कैफियत एक्सप्रेस, बनारस-नयाँ दिल्ली एक्सप्रेस र कटिहार-अमृतसर आम्रपाली एक्सप्रेस सहित २८ वटा रेलहरू २ देखि ६ घण्टासम्म ढिलो गरी सञ्चालनमा आएका थिए ।

आइएमडीले जनवरी २७ र २८ सम्म मध्यम खालको कुहिरो लाग्ने पूर्वानुमान गरेको छ । दिल्लीमा निरन्तर शीतलहर जारी रहँदा मङ्गलबार मानिसहरू आगोको वरिपरि बसिरहेका देखिन्थे ।यसैबीच, आइएमडीका अनुसार जनवरी २६ को बिहानसम्म पन्जाब, हरियाणा, चण्डीगढ र उत्तर प्रदेशका केही भागहरूमा बिहानदेखि बाक्लो कुहिरो रहने सम्भावना छ ।

यसअघि सोमबार, आइएमडीले जम्मु डिभिजन, दिल्ली, पश्चिम उत्तर प्रदेश र झारखण्डमा कुहिरोले प्रभाव पारेको थियो ।भारतका विभिन्न स्थानमा बाक्लो कुहिरो र हुस्सुले दृष्यता कम अनुभव भएको छ । जम्मु डिभिजनले पाँच सय मिटर दृश्यता रहेको उल्लेख गरेको छ भने पटियालाले ५० मिटर मात्र दृश्यता रेकर्ड गरेको छ । यसैगरी उत्तर प्रदेशको वाराणसी र प्रयागराजले क्रमशः २५ र ५० मिटरको दृश्यता रहेको छ ।

# भुक्तानी नपाउदा परिवार पाल्न समस्या



टुडे समाचारदाता

फिक्कल । इलामका किसानले दुग्धजन्य पदार्थको निकासी र भुक्तानीमा देखिएको समस्या समाधानका लागि पहल गर्न इलाम नगरपालिकासँग माग गरेका छन् । इलाम नगरपालिकाद्वारा आयोजित 'इलाम नगर क्षेत्रभित्र दुग्ध क्षेत्रमा देखिएको समस्या र समाधान' विषयक अन्तर्क्रिया कार्यक्रममा सहभागीले पछिल्लो पाँच महिनादेखि दूध र दुग्धजन्य पदार्थको भुक्तानी नहुँदा समस्या भोग्नुपरेको गुनासो गरेका थिए ।

इलाम-५ का किसान वीरबहादुर अधिकारीले गतसाउन १५ देखि दूधको पैसा नपाएको गुनासो पोखे । "साउनयता दूधको भुक्तानी भएको छैन । पाउनुपर्ने रकम नपाएपछि परिवार चालाउन धौधौ भइसक्यो", उनले भने, "हामीले कसलाई भन्दा भुक्तानी हुने हो, थाहा छैन । हाम्रो अभिभावक नगरपालिका हो । नगरपालिकाले आवश्यक पहल गरिदिनुपर्छ ।"

सोही ठाउँका अर्का किसान गङ्गाप्रसाद नेपालले किसानले पाउनुपर्ने रकम स्थानीय, प्रदेश र सङ्घीय सरकार मिलेर भुक्तानी गर्न माग गरे । उनले किसानले दूधको भुक्तानी नपाउँदा नगरपालिकाले राहतको कार्यक्रम नल्याएको गुनासो गर्दै दुग्ध उत्पादक किसानलाई राहत 'प्याकेज ' ल्याउन नगरपालिकासँग माग गरे ।

इलाम-५ माइपोखरीका किसान भुप्रसाद बजगाईँले दूध लिन दुग्ध विकास संस्थान (डिडिसी)को गाडी दैनिक आउन छोडेकाले दूध बिक्री हुन छोडेको बताए । "डिडिसीको गाडी दैनिकरूपमा दुग्ध चिस्यान केन्द्रमा आउनुपर्ने हो । तर आजकल दुई-तीन दिनमा मात्र आउँछ । नआएको दिन दूध बिक्री हुँदैन, किसान मारमा छन्", उनले भने, "किसानको दूध लिन कमसेकम डिडिसीको गाडी दैनिकरूपमा आउने वातावरण बनाउन नगरपालिले पहल गर्नुपर्छ ।"

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ इलामका अध्यक्ष होम कट्टेलले गत भदैदेखि किसानले दूधको भुक्तानी नपाएको गुनासो गरे । उनले माघ तेस्रो सातासम्म पनि दूधको भुक्तानी नपाए किसानले आन्दोलन गर्नुपर्ने परिस्थिति सिर्जना भएको बताए ।

"किसानले गत भदौदेखि हालसम्म मासिक १५ दिनको मात्र दूधको भुक्तानी पाएका छन् । किसानलाई दैनिक गुजारा चलाउनसमेत धौधौ पर्न थालिसक्यो", उनले भने, "किसानका समस्या समाधानका लागि चाँडो पहल गरियोस् । यो महिनाको तेस्रो सातासम्म पनि भुक्तानी नपाए किसान आन्दोलित हुनुको विकल्प छैन ।"

डिडिसीले साउनदेखि पुससम्मको नौ लाख ५६ हजार पाँच सय ६० लिटर दूधको भुक्तानी दिन बाँकी रहेको अध्यक्ष कट्टेलले बताए । डिडिसीले दुग्ध चिस्यान केन्द्र बिब्ल्याँटेमा दुई लाख ११ हजार ५० लिटर, दुग्ध चिस्यान केन्द्र तीनघरेमा दुई लाख ६१ हजार छ सय १० लिटर, दुग्ध चिस्यान केन्द्र फिक्कलमा एक लाख ८२ हजार चार सय लिटर र दुग्ध चिस्यान केन्द्र शान्तिडाँडामा तीन लाख एक हजार चार सय लिटर दूधको भुक्तानी दिन बाँकी रहेको उनले जानकारी दिए ।

इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्षसमेत रहेका व्यवसायी चेतनाथ पौड्यालले रु एक करोड १५ लाख बढीको घिउ र छुर्पी नबिकेर स्टोरमा थन्क्याउनुपरेको बताए । उनले अझ स्टोरमा नै रहने हो भने अखाद्य तत्वका रूपमा परिणत हुने चिन्ता व्यक्त गरे । "हामी व्यवसायीसँग रु करोड १५ लाख बढीको घिउ र छुर्पी नबिकेर स्टोरमै राख्न बाध्य छौं । अझ १५ दिनसम्म पनि बिक्री भएन भने अखाद्य तत्वमा परिणत हुन्छ । नष्ट गर्नुको विकल्प रहँदैन", उनले भने, "यसबाट हामीले करोडौंको क्षति व्यहोर्नुपर्छ ।" उनले एक लिटर दूध उत्पादनमा रु ५६ उत्पादन लागत लाग्ने भएकाले दूधको मूल्य घट्दासमेत किसान नै मर्कामा परेको बताए ।

राष्ट्रिय कृषक महासङ्घका संयोजक राम मगरले गुणस्तरीय दुग्ध सामग्री उत्पादन र बजारीकरणका लागि रणनीतिक अनुगमन गर्नुपर्ने बताए । इलाम नगर प्रवक्ता एवं वडा नं ४ का वडाध्यक्ष नुतनदेव दुलालले भारतीय दुग्ध सामग्री आयातमा प्रतिबन्ध लगाएमात्र नेपाली दुग्ध उत्पादनले बजार पाउने बताए ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले किसानको समस्या सधानका लागि आफ्नो तर्फबाट पहल हुने प्रतिबद्धता जनाए । "किसानले राख्नुभएका विभिन्न समस्या र सुझावलाई प्रधानमन्धी तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय तथा सम्बन्धित निकायमा सम्प्रेषण गर्नेछु", उनले भने, "दुग्ध विकास संस्थान (डिडिसी)को गाडी दैनिकरूपमा आउने वातावरण बनाउन समन्वय गर्छु ।"

नगरप्रमुख केदार थापाले किसानका समस्यालाई नगरपालिकाले गम्भीरतापूर्वक लिएको बताउदै स्थानीय सरकारको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । "उत्पादनदेखि बजारीकरणसम्म नै किसानका थुप्रै समस्या छन्, ती समस्याबारे नगरपालिका गम्भीर छ" उनले भने, "स्थानीय सरकारका तर्फबाट किसानका लागि गर्नसक्ने काममा नगरपालिका सधैँ प्रतिबद्ध छ । तर प्रदेश र सङ्घीय सरकारबाट गर्नुपर्ने काममा विषयमा हामीले उहाँहरूसँग सहजीकरण र आवश्यक पहल गरिरहेका छौँ ।"

इलाम नगरमा मात्र दैनिक २० हजार लिटर दुध उत्पादन हुने गरेको इलाम नगरपालिका पशु शाखाका प्रकाश लुइँटेलले बताउनुभयो । उहाँका अनुसार दैनिक दुई हजार लिटर दूध डिडिसीमार्फत विराटनगर जाने गरेको छ । बाँकी दूध निजी डेरी, चिज कारखाना, छुर्पी बनाउने उद्योग र मीठाइ बनाउने उद्योगमा खपत हुने गरेको छ ।

जिल्लामा भने निजी क्षेत्रमा दैनिक ५३ हजार लिटर हाराहारीमा दुग्ध खपत हुँदै आएको छ । निजी डेरीमा मात्र एक हजारभन्दा धेरै किसानले दूध बिक्री गर्दै आएका छन् । इलाममा १८ वटा चिज कारखाना, एक सय ५० वटा छुर्पी बनाउने उद्योग र १३ वटा दुग्ध मीठाइ बनाउने उद्योग रहेको सरकारी तथ्याङ्क छ । इलाममा वार्षिक एक लाख १६ हजार ८६ मेट्रिक टन दुग्ध पदार्थ उत्पादन हुने गरेको छ । होलिस्टिन र जर्सी गरी यहाँ ३३ हजार तीन सय ७१ वटा उन्नत जातका गाई पालिएको सरकारी तथ्याङ्क छ ।

# कृषिबाली सुधार्न माटो परीक्षण



टुडे समाचारदाता

दीपायल । डोटीमा कृषिबाली सुधार्न माटो परीक्षण गरिएको छ । जिल्लाको आदर्श गाउँपालिका अन्तर्गत विभिन्न वडाको माटोको अवस्था बुझी माटो सुधारका उपायहरू अपनाउन र उत्पादन बढाउन सहजताहोस् भन्ने हेतुले माटो परीक्षण शिविर सञ्चालन गरिएको आदर्श गाउँपालिकाका अध्यक्ष गणेशबहादुर खड्काले बताए ।

माटो परीक्षणको नतिजाअनुसारका कृषिको पकेट क्षेत्र तय गरी बजेट व्यवस्था गरिने अध्यक्ष खड्काले बताए । माटो परीक्षणपछि खेतबारी सुधार्न किसानाई राहतहुने आदर्श गाउँपालिका-१ नम्बरका स्थानीय मुकुन्द अवस्थीले बताए । यहाँका किसानका लागि यो राम्रो अवसर भएको उनको भनाइ छ ।

माटो परीक्षणपछि खेतबारी सुधार्न किसान स्वयं जुट्न आवश्यक रहेको कृषि विकास निर्देशनालय राजपुर डोटीका निर्देशक यज्ञराज जोशीले बताए । कृषि क्षेत्रमा आदर्श गाउँपालिकाले विभिन्न गतिविधि सञ्चालन गरिएकाले यसलाई निरन्तरता दिनका लागि सोहीअनुसारका नीति तथा कार्यक्रम तय गरी अगाडि बढ्नुपर्ने निर्देशक जोशीले बताए ।

माटो परीक्षण घुम्ती शिविरमा सबै वडाका किसानले माटो परीक्षणका लागि ल्याएको आदर्श गाउँपालिकाकी उपाध्यक्षलक्ष्मी रोकाया धामीले जानकारी भयो । दिनप्रतिदिन बसाईंसराइ समस्याले ग्रसित भइरहेको गाउँपालिकामा कृषिसम्बन्धी विभिन्न समस्या भइरहेको बताउँदै उपाध्यक्ष रोकायाले माटो परीक्षणबाट आएको नतिजाका आधारमा आदर्श गाउँपालिकाले किसानलाई सहयोग गर्ने पनि बताए । गाउँपालिकाका विभिन्न वडामा माघ ७ र ८ गते सञ्चालन भएको शिविरबाट तीन सय ३३ वटा माटोको नमुना सङ्कलन गरिएको माटो तथा मलपरीक्षण प्रयोगशाला कञ्चनपुरका प्राविधिक अधिकृत दलबहादुर खड्काले बताए ।

माटो परीक्षणको नतिजा २/३ दिनभित्र आउने अधिकृत खड्काले बताए । माटोको उपचार र संरक्षणबारे डोटीलगायत सुदूरपश्चिम प्रदेशका धेरै किसान अझै पनि अनभिज्ञ रहेको उनको भनाइ छ । आदर्श गाउँपालिकाको आयोजना, कृषि विकास निर्देशनालय राजपुरको समन्वय र माटो तथा मल परीक्षण प्रयोगशाला कञ्चनपुरको सहयोगमा शिविर सञ्चालन गरिएको आदर्श गाउँपालिकाका कृषिशाखा प्रविधि खेमराज पाठकले बताए ।

# सिमेन्ट उत्पादनलाई पर्यावरणमैत्री बनाउन समझदारी



टुडे समाचारदाता

काठमाण्डु । सिमेन्ट उद्योगमार्फत हुने कार्वन उत्सर्जनको मात्रालाई रोक्दै नेपालमा सञ्चालित सिमेन्ट उद्योगमार्फत पर्यावरणीय भविष्य खोज्नका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

खानी तथा भूगर्भ विभाग र सिमेन्ट उत्पादक सङ्घले भारतको टेक्नोलोजी एण्ड एक्सन फर रुरल एडभान्समेन्टसँग नेपालमा चुनढुङ्गा क्याल्साइन माटोको प्रविधि प्रयोग गरी सिमेन्ट उत्पादन गर्नेसम्बन्धी समझदारीपत्रमा सोमबार साँझ हस्ताक्षर गरेको हो ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवद्वय मुकुन्दप्रसाद निरौला र नारायणप्रसाद शर्मा दुवाडीको उपस्थितिमा खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरे, सिमेन्ट उत्पादक सङ्घका अध्यक्ष ध्रुव थापा र टेक्नोलोजी एण्ड एक्सन फर रुरल एडभान्समेन्टका उपाध्यक्ष सौमेन माइतेबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

चुनढुङ्गा क्याल्साइन माटोको प्रयोगमार्फत सिमेन्ट उत्पादन गर्दा कार्वन उत्सर्जनमा ४० प्रतिशत कमी आउनुका साथै कोइलाको खपतमा समेत कमी आउने खानी विभागका महानिर्देशक रामप्रसाद घिमिरेले बताए । उक्त प्रविधिलाई स्वीस सरकार विकास सहयोग (एसडिसी) ले सहयोग गरेको छ ।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव निरौलाले चुनढुङ्गाको प्रयोगमार्फत सिमेन्ट उत्पादन गर्दा त्यसबाट निस्कने कार्वनले वातावरणमा नराम्रो प्रभाव पारेको भन्दै त्यसलाई कमी गर्न नयाँ प्रविधिले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उक्त प्रविधिमार्फत सिमेन्ट उत्पादन गर्दा चुनढुङ्गाको प्रयोगमा समेत कमी आउने उनको भनाइ थियो ।

मन्त्रालयका अर्का सचिव दुवाडीले नयाँ प्रविधिमार्फत सिमेन्ट उत्पादन गर्दा मुलुकको अर्थतन्त्रमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले वातावरणीय सिमेन्ट उत्पादनका लागि सम्झौतामात्र नभई यसलाई कार्यान्वयनमा लैजान सके देशको सिमेन्ट उद्योगलाई सहयोग पुग्ने बताए ।

विभागका सिनियर जियोलोजिष्ट नारायण बाँस्कोटाले सन् २०१३ मा स्वीजरल्याण्डमा सुरु गरिएको उक्त प्रविधिलाई भर्खरै नेपालमा भित्र्याउन लागिएको बताए । उक्त प्रविधिमार्फत सिमेन्ट उत्पादन गर्नसके कोइला आयातमा बर्सेनि बाहिरिने ठूलो रकमसमेत बचत हुने देखिन्छ ।

# ११ करोडको सुन्तला बिक्री



टुडे समाचारदाता

वालिङ । स्याङ्जाको भिरकोट नगरपालिका-७ मा यस वर्ष रु ११ करोड बढीको सुन्तला बिक्री भएको छ । बलमाटा, तिलाहार, जिमिरे, लोलुङ्गा, पाङसाङ, धोबादी, कोलडाँडा, पासिन्डाँडा, चिउरीखर्कलगायतका गाउँबाट सुन्तला उत्पादनका लागि परिचित छ । भिरकोट -७ का वडाध्यक्ष एवं सुन्तला सुपरजोन स्याङ्जाका सञ्चालक समिति अध्यक्ष ताराप्रसाद अर्यालले आफ्नो वडामा यसवर्ष सुन्तला बिक्रीबाट रु ११ करोड बढी भित्रिएको बताए ।

करिब एक सय घरपरिवारले व्यावसायिकरूपमा सुन्तला उत्पादन गर्दै आइरहेका उहाँले जानकारी दिए । "यस वडाका अधिकांश किसान व्यावसायिकरूपमा सुन्तलाखेतीमा आबद्ध हुनुहुन्छ", अध्यक्ष अर्यालले भने, "यहाँ यस वर्ष सबैभन्दा थोरैमा रु ५० हजारदेखि लिएर धेरैमा रु ३० लाखसम्म आम्दानी गरेका छन् ।"

तिहारका बेलादेखि सुन्तला बजार पठाउन सुरु गरेर माघको दोस्रो सातासम्म सबै बिक्री गरिसक्ने अध्यक्ष अर्यालले जानकारी दिए । सुरुमा प्रतिकेजी रु ४० मा बिक्री गरेको सुन्तला अन्तिममा आइपुग्दा प्रतिकेजी रु ७० का दरले बिक्री भएको जनाइएको छ । "यहाँ उत्पादन भएका सुन्तला किसान आफैंले बिक्री गर्ने, बगैंचा नै ठेक्का दिने वा तौलेर अन्यत्र पठाउने गरिन्छ", उनले भने, "विशेषगरी यहाँका सुन्तला काठमाडौं, पोखरा, नारायणगढ, बुटवलजस्ता सहरमा जाने गरेको छ ।"

स्थानीय व्यापारी तथा काठमाडौंबाट आएका व्यापारीले बगैंचा नै ठेक्का लिएर बिक्री गर्ने गरेका छन् । कतिपय किसानले चिनजान र फोन सम्पर्कका आधारमा गाडीबाट व्यापारीकहाँ पठाइदिने गरेका छन् । "गत वर्ष यस वडामा सुन्तला बिक्रीबाट करिब रु १५ करोड भित्रिएको थियो", उनले भने, "गत वर्षजस्तो यस वर्ष उत्पादन भएन यसकारण आम्दानी पनि घट्न पुग्यो, आगामी वर्ष नयाँ बोट तयार हुने भएकाले उत्पादन बढ्छ ।"

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन र भिरकोट नगरपालिकाको ७५ प्रतिशत अनुदानमा बिरुवा, सिँचाइ ट्याङ्की, पाइप वितरण गरिएको अध्यक्ष अर्यालले बताए । नयाँ बिरुवा हुर्कँदै गरेकाले आगामी वर्ष थप पाँच-छ करोड बढी सुन्तला बिक्रीबाट आम्दानी भित्रिने दाबी उनको छ ।

कोदोखेती गर्दै आएका बारीमा अहिले सुन्तलाका बोट देख्न सकिन्छ । सुन्तलाखेतीबाट आम्दानी लिन सकिने भएपछि यहाँका स्थानीय सुन्तलाखेतीतर्फ आकर्षित हुँदै गएका छन् । गत वर्ष स्याङ्जामा सुन्तला बिक्रीबाट रु एक अर्ब २५ करोड भित्रिएको थियो भने यस वर्ष उत्पादन कम भएसँगै आम्दानी पनि केही घट्ने अनुमान कृषि ज्ञान केन्द्र स्याङ्

# नेप्से परिसूचकमा लगातार तेस्रो दिन गिरावट



टुडे समाचारदाता

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव ४० अङ्कले घटेर दुई हजार ९८ दशमलव २९ को बिन्दुमा कायम भएको हो । यो सातामा कारोबारको तगातार तेस्रो दिन नेप्से घटेको हो ।

मंगलबार तीन सय १० कम्पनीको एक करोड १८ लाख एक हजार तीन सय ६० कित्ता शेयर एक लाख १७ हजार पाँच सय ७७ पटक खरिदबिक्री हुँदा रु चार अर्ब २९ करोड ४५ लाख ६६ हजार सात सय ५१ बराबरको कारोबार भएको छ ।

विकास बैंक समूहको उपसूचक शून्य दशमलव ०७, वित्त समूह शून्य दशमलव २८, होटल तथा पर्यटन समूह चार दशमलव ७४, लगानी समूह शून्य दशमलव ३६, निर्जीवन बीमा समूह शून्य दशमलव ७३ र अन्य समूह शून्य दशमलव ५६ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ समूह शून्य दशमलव ४२, जलविद्युत् शून्य दशमलव ५८, जीवन बीमा समूह शून्य दशमलव ६६, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २३, लघुवित्त समूह शून्य दशमलव १३, म्युचुअल फन्ड शून्य दशमलव २१ र व्यापार समूह शून्य दशमलव ८६ प्रतिशतले घटेको छ ।

चन्द्रागिरी हिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा छ दशमलव २० प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको लिमिटेडको रु ५५ करोड नौ लाख ८० हजार सात सय ८५ बराबरको आठ लाख ४१ हजार २२ कित्ता शेयर किनबेच भएको छ ।

# पार्किङ निषेध गरेपछि व्यवसायीको विरोध



टुडे समाचारदाता

काठमाण्डु । काठमाडौं महानगरपालिकाले काठमाडौंको नयाँ सडक क्षेत्रमा पार्किङ निषेध गरेपछि त्यस क्षेत्रका व्यवसायीले विरोध गरेका छन् ।

न्युरोड क्षेत्रमा यसअघि सवारीसाधन पार्किङ गर्दै आए पनि मंगलबारदेखि काठमाडौं महानगरपालिकाले हटाउन थालेपछि व्यवसायीले सबै सटर बन्द गरेर विरोध जनाएका हुन् । नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष कुमार कार्कीले महानगरपालिकाले अवैज्ञानिक ढङ्गले पार्किङ हटाउने निर्णय गरेकाले न्युरोड क्षेत्रका व्यवसायी समस्यामा परेको बताए । "व्यापार व्यवसाय मन्दी भएको अवस्थामा पार्किङ निषेध गरेर झन् समस्या थप्ने काम हुँदैछ," उनले भने ।

काठमाडौं महानगरपालिकाले भने मंगलबार बिहानदेखि न्युरोड आसपासमा पार्किङ गरिएका सवारसाधन हटाएको छ ।

काठमाडौं महानगरपालिकाका प्रहरी प्रमुख राजुनाथ पाण्डेले न्युरोड क्षेत्रमा हुने भीडभाडलाई सहज बनाउनका लागि पार्किङ हटाउने निर्णय गरेको जानकारी दिए ।

"न्युरोड जानुपर्ने सवारी धनीलाई काठमाडौं टावर (साबिक पुरानो बसपार्क) मा निःशुल्क पार्किङको सुविधा उपलब्ध गराइएका छौं", उनले भने ।

पुरानो बसपार्क क्षेत्रमा तीन सयवटा चारपाङ्ग्रे र सात सय दुईपाङ्ग्रे सवारी साधन अट्ने महानगरले जनाएको छ ।पार्किङ निषेध गरिएको ठाउँमा महानगरपालिकाले मंगलबार बिहानदेखि विशेष सरसफाइसमेत गरेको छ ।

# निकुञ्जमा घाँसेमैदान व्यवस्थापनको काम सुरु

टुडे समाचारदाता

चितवन । चितवन राष्ट्रिय निकुञ्जमा घाँसेमैदान व्यवस्थापनको काम सुरु गरिएको छ । निकुञ्जभित्रका वन्यजन्तुलाई आहाराका लागि यो समयमा घाँसेमैदान व्यवस्थापनको काम गर्ने गरिन्छ ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार निकुञ्जले विनियोजन गरेको बजेट र तराई भू-परिधि कार्यक्रम (ताल) को बजेटबाट घाँसेमैदान र पानीका तलाउको व्यवस्थापनको काम भइरहेको छ । निकुञ्जले तीन सय ७० हेक्टर क्षेत्रफलमा घाँसेमैदान व्यवस्थापन गर्न रु ४० लाख ७० हजारमा बोलपत्र आह्वान गरी काम सुरु गराएको छ ।

तिवारीका अनुसार लामिताल, सुखिभार र भिम्ले क्षेत्र तथा आसपासमा घाँसेमैदानको व्यवस्थापन गरिँदै छ । तालको सहयोगमा भिम्ले क्षेत्रमा रु सात लाखको लागतमा घाँसेमैदानको काम गरिएको छ । पदमपुर क्षेत्रमा तालकै सहयोगमा घाँसेमैदान व्यवस्थापनका लागि रु ४० लाखको ठेक्का लगाइएको उनले जानकारी दिए ।

तिवारीका अनुसार राष्ट्रिय प्रकृति संरक्षण कोषले पनि तीन सय हेक्टर जमिनमा घाँसेमैदान व्यवस्थापनको काम गरिरहेको छ । थप एक सय हेक्टरमा घाँसेमैदान व्यवस्थापनको काम गर्ने जनाइएको छ । विगतका वर्षहरुमा घाँसेमैदान व्यवस्थापनमा धेरै लगानी गरिने भएको भए पनि पछिल्ला वर्षहरुमा बजेट निकै कम विनियोजन गर्ने गरिएको छ ।

घाँसेमैदान व्यवस्थापन गर्दा ठूला ढड्डीहरु फाँडेर नयाँ घाँसलाई मुना पलाउन सहज बनाइन्छ । अधिकांश ठाउँमा ट्र्याक्टरको प्रयोग गरिन्छ भने ट्र्याक्टर नजाने ठाउँमा मानिसले मात्रै काम गर्ने गरिन्छ । निकुञ्जभित्र १० हजार हेक्टर हाराहारी घाँसेमैदान छ । त्यसमध्ये हरेक वर्ष एक हजार हेक्टर क्षेत्रफल हाराहारी घाँसेमैदान व्यवस्थापन हुँदै आएको छ ।

तिवारीका अनुसार एक वर्षमा रु चार करोडसम्म घाँसेमैदान निर्माण र व्यवस्थापनमा खर्च गर्ने गरिएको थियो । पछिल्ला वर्षहरुमा क्रमशः बजेट कम हुँदै आएर निकै न्यून मात्र छुट्याउन थालिएको छ । यसबाट प्रत्यक्ष रुपमा गैंडा लगायतका विचरण गर्ने वन्यजन्तु र बाघका आहारा प्रजाति प्रभावित भएका छन् ।

निकुञ्जको बजेटबाट रु छ लाखको लागतमा ध्रुव क्षेत्रमा दुई तलाउ निर्माण गरिएको छ । यसैगरी लामितालमा रु पाँच लाख खर्च गरेर तालको मर्मतसम्भार गरिएको छ । तालको सहयोगमा पानी पोखरीको सरसफाइ र व्यवस्थापनका लागि रु २५ लाखको ठेक्का लगाइएको छ ।

## अध्यक्ष यादवले गरे दुई संरचनाको उद्घाटन

# जनमत पार्टी विचार र सिद्धान्तविहीनहरुको जमात : यादव

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मंगलवार यहाँका दुई नवनिर्मित संरचनाको उद्घाटन गरेका छन् ।

उनकै पहलमा राजविराज स्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस परिसरमा निर्माण गरिएको इन्जिनियरीङ्ग कलेज भवन र संघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय राजविराजद्वारा विष्णुपुर गाउँपालिका ६ मा निर्माण गरिएको मुक्तिद्वारको उनले उदघाटन गरेका छन् ।

आफनो पुरानो निर्वाचन क्षेत्रमा उनले २०७६ सालमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत राजविराज नगरपालिका मार्फत ६ करोड रुपैयाँ सहयोग उपलब्ध गराएपछि सुविधा सम्पन्न १५ कोठे कलेज भवन निर्माण सम्पन्न भएको कार्यक्रममा राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परवीनले जानकारी दिइन् ।

कार्यक्रममा उनले महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका प्रमुख राजीवकुमार मिश्रलाई नवनिर्मित भवनको साँचो समेत हस्तान्तरण गरिन ।

राजविराज नगरपालिकाद्वारा आयोजना गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै पूर्व उप प्रधानमन्त्री समेत रहेका जसपा अध्यक्ष यादवले इन्जिनियरिङ्ग शिक्षा अध्ययनका लागि यहाँ विद्यार्थीहरु बाहिर जानुपर्ने अवस्था अन्त्यका लागि आफूले आफनो कार्यकालमा निर्वाचन क्षेत्र विकास कार्यक्रमको. बजेटबाट कलेज भवन निर्माणमा सहयोग गरेको बताए ।

दक्ष जनशक्ति उत्पादन तथा यहाँको आर्थिक प्रणालीमा सुधार ल्याउन कलेजले महत्वपूर्ण योगदान पुऱ्याउने उनको भनाइ थियो ।

अध्यक्ष यादवले मुलुकमा जलश्रोत, पर्यटन, कृषि लगायतको प्रचुर सम्भावना रहेको र त्यसको आधारमा विकास गर्न पनि प्रभावकारी शिक्षा जरुरी रहेको बताए । जनमत पार्टी विचार र सिद्धान्तविहीनहरुको जमात भएको आरोप लगाए । मंगलबार राजविराजमा आयोजित कार्यक्रमहरुलाई सम्वोधन गर्दै अध्यक्ष यादवले जनमत पार्टीले अशोभनीय कार्यहरु गरिरहेको आरोप लगाए । सोमबार अध्यक्ष यादवले सप्तरीमा कृषि विश्वविद्यालय शिलान्यास गर्दै जनमत पार्टीका नेता कार्यकर्ताहरु विरोधमा उत्रेका थिए ।

'राजनीति गर्ने व्यक्तिले सरकारमा रहँदाको भूमिका र नरहँदाको भूमिकाबारे जान्न सक्नुपर्छ,' अध्यक्ष यादवले भने, 'आफै सरकारमा बस्ने अनि त्यही सरकार मुर्दावाद पनि भन्ने अनि आफूचाहिँ को त ? यो नैतिक प्रश्न हो ।' जनमत पार्टी सुध्रिनुपर्ने अध्यक्ष यादवको भनाइ छ । 'कि सुध्रिनुपऱ्यो कि सुधार्नुपऱ्यो,' अध्यक्ष यादवले भने, 'उहाँहरु जुन बाटो हिँड्नुभएको छ, जुन हर्कत गरिरहनुभएको छ यो अशोभनीय हो ।'

'विश्वविद्यालयको शिलान्यासको निर्णय विश्वविद्यालयले गर्ने हो,' अध्यक्ष यादवले भने, 'विश्वविद्यालयले निर्णय गरेर हामीलाई बोलायो हामी गयौं, उहाँहरुलाई पनि बोलाएकै हो, आएर सरिक भएको भए हुन्थ्यो नि, आमन्त्रणलाई लत्याएर प्रतिकार गर्छु भन्नु मूर्खता हो ।'


जनमत पार्टीलाई अब गठबन्धनमा बोक्न सक्ने अवस्था नरहेको जसपा अध्यक्ष यादवले बताए । 'संस्कार सिकोस, सुधारियोस भन्ने हाम्रो चाहना हो तर सुध्रिएन भने कसले कसलाई बोक्छ र ?,' उनको प्रश्न थियो ।

कार्यवाहक नगर प्रमुख परवीनको अध्यक्षमा आयोजित कार्यक्रममा जसपाका प्रवक्ता मनिष सुमन, प्रतिनिधि सभासदस्य रञ्जु ठाकुर, प्रदेश साँसद किरणकुमारी साह, जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साह, पूर्व मन्त्री रेणु यादव, मधेश प्रदेशका पूर्व अर्थ मन्त्री शैलेन्द्रप्रसाद साह लगायतले पनि सो अवसरमा शुभकामना दिएका थिए ।



जनता समाजवादी पार्टीक अध्यक्ष उपेन्द्र यादव मंगलबार सप्तरीका कार्यक्रमलाई उद्घाटन गर्दै । *तस्विर : मनोज*

# सरकारबाट बाहिरिए जनमत



मधेश प्रदेशका मुख्यमन्त्रीलाई राजीनामा पत्र बुझाउँदै जनमतका मन्त्रीहरु । *तस्विर : टुडे*

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्ता गठबन्धनका घटक दलमध्येका जनमत पार्टी राष्ट्रियसभा सदस्य निर्वाचनको मुखमा आएर मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसंगै बाहिरिएको छ ।

मधेश प्रदेश सरकारमा रहे पनि सरकार विरोधी क्रियाकलाप गर्दै आएका जनमतलाई प्रत्यक्ष परोक्षरुपमा समेत सात दलीय गठबन्धनका नेताहरुले नैतिकतासहित राजनीतिक संस्कार देखाउन आग्रह गर्दै आएका थिए । तर जनमतले भने संघदेखि प्रदेश राजनीतिमा समेत आफ्नो शक्ति संचय गर्दै हस्तक्षेपकारी भूमिका देखाउन थालेपछि मधेश प्रदेश सरकारले पटक पटक सचेतसमेत गराउँदै आएको थियो ।

जनमतले राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनमासमेत गठबन्धनलाई बेवास्ता गर्दै आफ्नो उम्मेदवार खडा गरेर चुनौती दिएपछि सत्तागठबन्धनले समेत अनुशासन भइ गठबन्धनप्रतिको इमान्दरिता देखाउन सचेत गराउँदासमेत अराजक गतिविधि गरेको भन्ने कुरा नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले सुधार गर्दै राष्ट्रियसभा सदस्य निर्वाचनमा उम्मेदवारी फिर्ता लिइ गठबन्धनलाई सहयोग हुने गरी राजनीतिक संस्कार देखाउन अपिल नै गरे । जनमत पार्टीको रवैया अराजक बन्दै गएको र सत्तागठबन्धन तथा सरकारप्रति समेत सकारात्मक नरहेको भन्दै मुख्यमन्त्री सरोजकुमार यादवले सार्वजनिकरुपमै जनमतको कार्यशैलीलाई लिएर असन्तुष्टि पोख्दै आएका थिए ।

मुख्यमन्त्री यादवले मधेश सरकारको एकवर्षे कार्यकालसहितको प्रगति विवरण सार्वजनिकीकरण गर्न आयोजना गरेको पत्रकार सम्मेलनमै जनमतका शिक्षा तथा संस्कृति मन्त्री महेशप्रसाद यादवको निर्देशनमा उनका कार्यकर्ताहरुले विरोध प्रदर्शन गरेका थिए । सो क्रममा मुख्यमन्त्री यादवले तत्काल राजीनामा दिन निर्देशन नै दिए । मुख्यमन्त्रीले सार्वजनिकस्थलमा विभिन्न कार्यक्रममा जनमतका मन्त्रीहरुलाई सरकारबाट हट्न पटक पटक भन्दै आएका थिए ।

राष्ट्रियसभा सदस्य निर्वाचन समन्वय समिति गठबन्धन दलको कार्यक्रममा समेत मुख्यमन्त्री यादवले जनमत पार्टीलाई सरकारमै बसेर प्रतिपक्षी बन्ने काम गर्ने गरेकाले तत्काल प्रदेश सरकारबाट बाहिरिनुपर्ने दबाब दिए ।

सत्तागठबन्धन दलका संयोजकसमेत रहेका नेपाली कांग्रेसका नेता रमेश लेखकले राष्ट्रियसभा सदस्य निर्वाचनपछि जनमत पार्टीको विकल्पबारे समीक्षा गरेर आगामी कदम चाल्ने बताएका थिए ।

जनमतबाट मधेश सरकारमा सहभागी भएका मन्त्रीहरुलाई समयमै सरकारबाट नबाहिरिएमा हटाइने सार्वजनिकरुपमै मुख्यमन्त्री यादवले भनेको केही दिनमै विभिन्न आरोप लगाउँदै मंगलबार प्रदेश सरकारबाट बाहिरिएका छन् ।

जनमतले सरकारबाट बाहिरिने दाउ खोजिरहेकै बेला राजविराजमा मधेश कृषि विश्वविद्यालयको प्रशासनिक भवनको शिलान्यस गर्ने क्रममा जनमत पार्टीले दोहोरो चरित्र देखाउँदै आफ्नै सरकारको विरोधमा कार्यक्रम नै अवरुद्ध हुने गरी प्रदर्शन गर्दा प्रहरीसंग झडप भएको थियो ।

मधेश प्रदेश सरकारबाट बाहिरिँदै जनमतबाट मन्त्री रहेकाहरुले राजीनामा-पत्र बुझाउँदै मुख्यमन्त्री सरोजकुमार यादवमाथि विभिन्न आरोप लगाएका छन् । समर्थन फिर्ता लिएको र प्रदेश सरकारबाट बाहिरिएको पत्र मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रलाई बुझाएको थियो । यस भन्दा पहिला नेकपा एसलाई सरकारमा ल्याउनकालागि भूमि व्यवस्था तथा सहकारी मन्त्री बसन्त कुशवाहालाई राजीनामा दिलाइएको थियो । उनलाई केही महिना सम्म विना विभागीय मन्त्री बनाएर राखियो पछि राजीनामा दिन लगाइएको थियो ।

जनमतबाट शिक्षा तथा संस्कृति मन्त्री यादव, श्रम तथा यातायात मन्त्री चन्दन सिंह र कृषि तथा सहकारी राज्यमन्त्री संजय यादव थिए । मधेश प्रदेशमा जनमतका १३ सांसद छन् ।

# शिक्षा क्षेत्र सरकारको उच्च प्राथमिकतामा : मुख्यमन्त्री यादव



महोत्तरीको बर्दिबासमा आयोजित कार्यक्रमलाई सम्वोधन गर्दै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव । *तस्विर : टुडे*

**टुडे समाचारदाता**

बर्दिबास । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले शिक्षा क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताएका छन् ।

मुख्यमन्त्री यादवले महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं ३ पाटुमा रहेको श्री जन जागृति माध्यमिक विद्यालयको स्वर्ण महोत्सवको मंगलबार उद्घाटन गर्दै विद्यालय शिक्षा प्रदेश सरकारमा नरहे पनि प्रदेश सरकारले विद्यालय शिक्षाको सुधारका लागि बजेट विनियोजन गर्दै आएको बताए ।

उनले विगतमा विभेद भएका कारणले नै मुलुकमा सङ्घीयता आएको बताउँदै वर्तमान मधेश सरकार कसैसँग पनि भेदभाव नगर्ने प्रण गर्दै सङ्घीयतालाई बलियो बनाउन तथा शिक्षामा रहेको बेथितिहरूको समाधान गर्नका लागि माध्यमिक शिक्षाको अधिकार प्रदेश सरकारमा जानु पर्ने धारणा राखे ।

> विगतमा विभेद भएका कारणले नै मुलुकमा संघीयता आएको बताउदै वर्तमान मधेश सरकार कसैसँग पनि भेदभाव नगर्ने प्रण गर्दै संघीयतालाई बलियो बनाउनुपर्ने बताए ।

मुख्यमन्त्री यादवले मधेश प्रदेशको विकासको आधार नै कृषि क्षेत्र भएको चर्चा गर्दै प्रदेश सरकारले कृषि विश्वविद्यालयको भवन शिलान्यास गर्दा मधेश प्रदेशमा राजनीति भएकोमा चिन्ता व्यक्त गर्दै विकासमा राजनीतिक नगरी दिनका लागि सबैमा आग्रह गरे ।

मुख्यमन्त्री यादवले बर्दिबासमा प्रदेशकै गौरवको योजना प्रदेश सरकारले सञ्चालन गर्न चाहेको बताउँदै यसका लागि बर्दिबास नगरपालिकालाई सहकार्यका लागि आग्रह गर्दै यस विद्यालयको लागि प्रदेश सरकारले के गर्नु पर्दछ त्यो गर्नका लागि तयार भएको बताए ।

कार्यक्रममा बोल्दै प्रतिनिधि सभाका सदस्य लक्ष्मी महतोले यस विद्यालयको भौतिक विकास सहित समग्र बर्दिबासको विकासका लागि आफू चिन्तित बनेको बताए ।

पूर्वमन्त्री एवं नेकपा माओवादी नेता भरतप्रसाद साहले शिक्षाको विकास बिना कुनै क्षेत्रको विकास सम्भव नभएकाले यस विद्यालयको विकासका लागि प्रदेश सरकारलाई लगानी गर्नका लागि आग्रह गरे ।

बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लाद क्षेत्रीले श्रीजन जागृति विद्यालयले स्वर्ण महोत्सव मनाएकोमा खुशी व्यक्त गर्दै विद्यालयको भौतिक अवस्था कमजोर भएकाले पूर्वाधारको निर्माण र विकासमा ध्यान दिनका लागि प्रदेश सरकारसँग माग गरे ।

## परिवारवाद र जातिवाद हावी हुँदा दर्जनौं नेताद्वारा दल परित्याग

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रभू साहको नेतृत्वमा रहेको नवगठित आम जनता पार्टीमा नातावाद र जातिवाद हावी रहेको आरोप लगाउँदै दर्जनौं नेता तथा कार्यकर्ताले पार्टी परित्याग गरेका छन् ।

आम जनता पार्टीका केन्द्रीय सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज दिपक राणाभाट, केन्द्रीय सदस्य तथा सर्लाही जिल्ला अध्यक्ष तुलसी प्रसाद हुमगाई, केन्द्रीय सदस्य नारायण कार्कीलगायत विभिन्न तहका दर्जनौं नेता तथा कार्यकर्ताले अध्यक्ष प्रभू साहमाथि परिवारवाद, नातावाद र जातिवादको आरोप लगाउँदै पार्टी परित्याग गरेका छन् ।

पार्टी परित्याग गरेकाहरुले पार्टीका अध्यक्ष साहले परिवारवादमा लागेर रौटहत जिल्लाको मौलापुरलाई राजनीति केन्द्रविन्दु बनाएर अन्य जिल्लाका पदाधिकारीहरुलाई उपेक्षित गर्ने र पार्टीको गतिविधिलाई अध्यक्षले मनोमानीरुपले कार्य सम्पादन गर्दै आउँदा यस किसिमको गतिविधिले देश र जनताको अहितमा देखिएकोले फरक मत राख्दै अलग भएको जनाएको छ ।

पार्टीमा फरक मत राख्दा आफूहरुलाई निषेध गर्दै गुटगत मानसिकतासहित पार्टी अध्यक्ष साहले एक्लौटीढंगले पार्टी सञ्चालन गर्दा आफूहरुले देश र जनताको हित नहुने निष्कर्ष निकाल्दै पार्टी परित्याग गरेको नेता नारायण कार्कीले बताए ।

पार्टी परित्याग गर्नेहरुमा आजपा मधेश प्रदेशका कार्य समितिका सदस्यहरुमा सीताराम न्यौपाने, कालुमान लोप्चन, राजु लोप्चन, आजपा सर्लाही जिल्लाका उपाध्यक्ष सुरेश राय यादव, उपाध्यक्ष गंगा भण्डारी, सदस्यहरु हरि सापकोटा, सदस्य चन्द्र बहादुर बोटे, सीताराम मण्डललगायत ४१ जना विभिन्न जिल्लाका सदस्यहरु रहेका छन् ।

# कर्मचारीको अभाव झेल्दै खानेपानी संस्थान

**टुडे समाचारदाता**

वीरगञ्ज । लामो समयदेखि दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुँदा नेपाल खानेपानी संस्थान वीरगञ्ज पर्साको कामकाज प्रभावित हुँदै आएको छ । कर्मचारी नहुँदा सेवाप्रवाहमा समस्या हुँदै आएको कार्यालय प्रमुख इञ्जिनियर निरण महर्जनले जानकारी दिए ।

कार्यालयमा प्रमुखसहित ५२ जना कर्मचारीको दरबन्दी भए पनि हाल कार्यालय प्रमुखसहित १३ जना कर्मचारी मात्र कार्यरत छन् । कार्यालयमा एक जना कार्यालय प्रमुख, लेखा शाखातर्फ एक जना सहायक लेखा अधिकृत, एक जना वरिष्ठ सहायक लेखापाल, सहायक लेखापाल चार जना, कनिष्ठ लेखापाल दुई जना, प्रशासनतर्फ एक जना शाखा अधिकृत, दुई जना सहायक शाखा अधिकृत, एक जना वरिष्ठ सहायक, चार जना सिनियर मिटर रिडर, दुई जना कार्यालय सहायक, पाँच जना मिटर रिडर, दुई जना सवारी चालक र चार जना कार्यालय सहयोगीको दरबन्दी भए पनि हाल कार्यालय प्रमुख ई महर्जन, एक जना वरिष्ठ सहायक लोखापाल, एक जना कनिष्ठ सहायक, एक जना सिनियर मिटर रिडर र दुई जना मिटर रिडरका रुपमा कार्यरत रहेका छन् ।

यस्तै सो कार्यालयको इञ्जिनियरिङ शाखातर्फ एक जना इञ्जिनियर र सहायक प्राविधिक अधिकृतको दरबन्दी भए पनि ती दुबै पद रिक्त रहेको प्रमुख ई महर्जनले बताए । त्यस्तै उत्पादन तथा गुणस्तर शाखातर्फ एक जना केमिष्ट, एक जना सव इञ्जिनियर, १५ जना पम्प सञ्चालक, दुई जना स्याम्प्लर, तीन जना हेल्पर, दुई जना हेरालुको दरबन्दी भए पनि हाल हेरालु एक जना बाहेक सबै पद रिक्त रहेको सो कार्यालयले जनाएको छ ।

वितरण शाखातर्फ एक जना सव इञ्जिनियर, दुई जना सिनियर प्लम्बर, आठ जना कार्यालय सहयोगी र आठ जना कार्यालय सहयोगीको दरबन्दी भएकोमा हाल एक जना सिनियर प्लम्बर र चार जना कार्यालय सहयोगी मात्र कार्यरत छन् ।

दरबन्दी अनुसारको कर्मचारी नआउँदा दैनिक ज्यालादारीमा कर्मचारी राखेर कार्यालयको कामकाज सञ्चालन गर्नुपर्ने बाध्यता रहेको प्रमुख ई महर्जनको भनाइ छ ।

# साढे ९ लाख बढी रकम लुटियो

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा र महोत्तरीको सीमामा पर्ने रातु पुल नजिकै एक व्यापारीको ९ लाख ६० हजार रुपैयाँ लुटिएको छ ।

धनुषाको बरहरीस्थित चित्रा आयल स्टोरका कर्मचारी धुव्र कुमार बस्नेत मंगलबार विहान साढे १० बजेको समयमा पेट्रोलियम पदार्थको लागि ९ लाख ६० हजार रुपैयाँ लिएर महोत्तरीको बर्दिवासस्थित एक बैंकमा डिपोजिट गर्न गइरहेको बेला रातु पुल नजिक हतियार देखाएर रकम लुटि फरार भएका थिए ।

अल्फाबेट खुल्न नसकेको कालो रंङ्गको ५३१ नम्बरको एप्पाची मोटरसाईकलमा तीन जनाको समूहमा आएका हतियारधारीले बस्नेत चढेको मोटरसाईकलमा पछाडिबाट ठक्कर दिएर लडाएका थिए । दुई जनाले हतियार देखाउदै बस्नेतले झोलामा राखेको रकम लुटि धनुषाको किसाननगर तर्फ भागेको पेट्रोलियम डिलर एशोसिएन जनकपुरधामका महासचिव सत्रुधन यादवले जानकारी दिए । उक्त घटनाको क्रममा त्यहाँ रहेका स्थानीयवासीहरुले हतियारलेस अपराधिहरुलाई केही गर्न नसकेको उनले बताए ।

पेट्रोलियम डिलर एशोसिएन जनकपुरधामले पैसा लुटेर फरार भएका हतियारधारी समूहलाई खोजी गरी कानुन अनुसार कारवाही गर्न माग समेत गरेको छ । यता, मधेश प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक श्यामबाबु महतोले पैसा लुटने गिरोहको खोजी कार्य तीव्र रुपमा भइरहेको बताए । उनले महोत्तरी र धनुषाका प्रहरीले संयुक्त रुपमा गिरोहलाई खोजी कार्य गरिरहेको बताए ।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

भूकम्पको जोखिमबाट सुरक्षित बनौं ।

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अफ्ठयारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८